
# धर्मकीर्ति

बुद्ध वर्ष २५२६
विक्रम सम्वत् २०३९
नेपाल सम्वत् ११०२
ईस्वी सम्वत् १९८२




सम्पादक :
भिक्षु अश्वघोष



प्रकाशक :
**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी**
**धर्मकीर्ति विहार**
**श्रीघः, नघल टोल, काठमाडौं**

**मूल्य २/-**

शान्तिनायक गौतम बुद्ध महापरिनिर्वाण जुया बिज्यागु

# २५२६ दँ क्यंगु
# पवित्र बैशाख-पुह्नीया उपलक्ष्यय्

# भिंतुना

धन्ना कै द्री म्वा

मोटरया सामानत माल धाःसा

जिमित लुमंका दिसं

# जोगवीरसिं कमलवीरसिं

२८ जुद्ध सडक, काठमाड़ौं ।
फोन : ११४५३, १३८४२, १४६५४

# विषय–सूचि


| लेख | लेखक | पृष्ठ |
|---|---|---|
| बुद्ध–वचन | | १ |
| त्रिशरण गमन | | २ |
| भगवान् बुद्धया कपिलवस्तु आगमन | पी. एस. लियनगे | ४ |
| उपासिकां धागु खँ लुमंका भिक्षु | धर्मदूत | ६ |
| पूज्य महासी सयादोसंग तीर्थयात्रा | भिक्षु अश्वघोष | ७ |
| आधुनिक संसारमा बुद्ध धर्मको भूमिका | श्री गुणशेकर | ९ |
| चंचल चित्त वशे तैगु भावना | भिक्षु आर. सुमेधालंकार | १० |
| म यस्तै छु (कविता) | कोमल न्यौपाने | १२ |
| सानो भन्ते | सुवर्ण शाक्य | १३ |
| मानसिक प्रश्नया लिस: | | १८ |
| दोषी बुद्ध | प्रकाश वज्राचार्य | २० |
| श्रीलंकाय् बैशाख पुन्हि | श्रामणेर शीवली | २३ |
| धम्म | भिक्षु बुद्धदास | २५ |
| बौद्ध सु ख: ? | रूपा शाक्य | २६ |
| धर्मकीर्ति गतिविधि | | २९ |

भगवान् गौतमबुद्धको जन्म, बुद्धत्व प्राप्ति तथा

महापरिनिर्वाण दिवस

# २५२६ औं बुद्ध-जयन्तिको सुअवसरमा

१. श्री हिमाल आईरन एण्ड स्टिल (प्रा) लि.
२. श्री भाजुरत्न ईन्जिनीयरिङ्ग एण्ड सेल्स (प्रा) लि.
३. श्री स्याकार कम्पनी (प्रा) लि.
४. श्री स्यामुकापु ईन्टरनेशनल
५. श्री हिमाल अक्सिजन (प्रा) लि.

हार्दिक शुभकामना व्यक्त गर्दछ ।

ज्योति भवन, कान्तिपथ
पोष्ट बक्स नं. १३३
काठमाडौं (नेपाल)

फोन नं. ११४९०, १४३२७,



# बुद्धवचन

पुण्य धैगु तुरन्त याना छोय्‌मा, मने पाप चेतना तैतय् मज्यू । पुण्य याय्‌गु धैगु लिपा लातकि चित्त पापे वनीगु सम्भव दु ।

पुण्य गरि सक्यो भने फेरी फेरी पनि गर्नु पर्छ । त्यसमा खूब उत्साह बढाउनु पर्छ । पुण्यको रास सुखको कारण हो ।

पापको फल नपाए सम्म पापीले पाप गर्नु बेस सम्झन्छ । पापको फल पाए पछि मात्र उसलाई पापको पुरा परिचय हुन्छ ।

पुण्यात्माले पनि पुण्यको फल न आए सम्म पुण्य खराब संझन्छ । पुण्यको फल आए पछि मात्रै उसलाई पुण्यको पुरा परिचय हुन्छ ।

## DON'T WORRY

**When your physical body is sick don't allow your mind also to be sick.**

★

## HIGHEST

**Tolerance, patience and understanding are the highest virtues every man should develop.**

★

**No enemy harm one so much as one's own thoughts of craving, hate, jealousy and so on.**

# त्रिशरण गमण

**२०३८/१०/१७ गतेका दिन काठमाडौं भृकुटी मण्डप स्थित बुद्ध विहारमा वर्माका सुप्रसिद्ध भिक्षु टाउंपुलु सयादोले दिनु भएको धर्म देशनाको केही अंश :— (सम्पादक)**

"बुद्धं सरणं गच्छामी, धम्मं सरणं गच्छामी संघं सरणं गच्छामी" त्रिशरण जीवनको सारहो यस उत्तम शरणबाट विभिन्न प्रकारको भय अन्तराय हटाइ छेकि राख्ने हुन्छ। भय अन्तराय छेकेर मात्र निर्वाण प्राप्त गर्न नसके पनि क्लेस पन्छाइ देवलोक पुग्न समर्थ हुन्छ। दशवल लाभ भएका अरू देवता भन्दा त्रिशणमा जानु भएका देवता माथिल्लो स्तरमा हुनुहुन्छ। अनि त्रिशरणबाट मार्गफल उपलब्ध गर्न सकिन्छ।

यस सम्बन्धमा एक कथा उल्लेखनीय छ मद्यपान गर्ने, पंचशील लिई नसकेका तर त्रिशरणमा गएका बुद्धका एक नातेदार देबलोकमा जन्मनू भयो भन्ने कुरामा विस्वास नभएर राजा महानाम बुद्ध कहां जानु भै शीलनै पालन नगर्ने उपासक देवलोकमा जन्म भएको हो होइन भनि सोध्नु भयो। दृढ विश्वास तथा श्रद्धा पूर्वक त्रिशरणमा गएकोले देवलोकमा जन्मनु भएको अवश्य पनि हो भन्ने बुद्धको देशना त्रिशरणको गुण बलवान भएकोले मद्यपानको दाषलाइ उछिनेर श्रोतापत्ति मार्गफल प्राप्त गर्नु आश्चर्य होइन। यहां मद्यपान गरे पनि त्रिशरणको विरोध कुनै हालतमा पनि नगर्ने बरू प्राण त्याग गर्न किन नपरोस्। त्रिशरणबाट उनको चित्त यति दृढ तथा मजबुत भै सकेको थियो कि त्रिशरणको विपरित लाभसत्कार, कुष्ट जस्तो घातक रोगबाट वचावत, लाइ पनि परवाह गर्दैन। ९१ कल्प पहिले विपस्सि तथागतको पालामा १ लाख वर्षको आयु थियो। उसबेला त्रिशरण जानु भएको एक व्यक्तिले दान गरेको पनि देखिन्दैन तर गरिब भए पनि लामो काल तक दृढतापूर्वक त्रिशरणमा जानु भएको फलस्वरूप ८० पटक इन्द्र हुनु भएको, ७८ पटक चक्रवर्ती राजा हुनु भएको अनि शाक्यमुनी गौतम बुद्धको पालामा मात्र मार्ग फल प्राप्त भएको थियो मार्गफलको अभिलासा गर्नेले त्रिशरणमा गइ मनलाई परिक्षा गरि हेर्नु अनिवार्य छ।

प्रमाणको लागि अर्को एक कथा पनि उल्लेखनीय छ। उहिले ५० वर्ष तक माछामारी जिबिका गरी सकेका माझी कहां एक भिक्षु आउनु भएको बेला आफु उनको केही पर्दैन, उनी आफ्नो केही पर्दैन भनि भन्नु भयो। भन्ते भित्र जानु भै सिकिस्त बिरामी भएका कहिले शील नलिएका माझीलाई पन्चशील लिन इच्छा छ कि भनि

सोध्नु हुंदा महमति भयो अनि शील अन्तरगत त्रिशरण मात्रलिइ सकेपछि माझीको देहावसान भयो पंचशील पुरा लिन नपाए पनि त्रिशरणमात्र लिएको फल स्वरूप उनि देवलोकमा जन्मनु भयो ।

पंचशील औपचारिक रूपले पाठ गर्ने मात्र होइन आजै देखि जिवित पर्यन्त त्रिशरण जाने प्रण गर्नु पर्दछ । पंचशील पालन गरेर एकदिन मात्र बाँच्न सके पनि उत्तम छ । शील पालन गर्नु महादान हो । अरूलाइ मार्दैन भन्ने शील अभयदान भयो जुन चाहि अरूको शान्ति कायम गर्ने कदम पनि भयो । मानव जिवनको गतिविधि अध्ययन गऱ्यो भने शान्त अवधि एक मात्र भै समस्यानै बढि हुन्छ । अझ वर्तमान परिस्थितमा त शील पालनको अभावमा शान्तवातावरण झन कम भै रहेको स्पष्ट हुन्छ ।

हिंसा नगर्नु, चोरी नगर्नु, व्यभिचार नगर्नु, झुठो नबोल्नु, मादक पदार्थ सेवन नगर्नु भन्ने पंचशीलवाट कुनै प्रकारको हानि देखिन्दैन । वरू हाम्रो मनको कमजोरी पनाले मात्र हानि भै रहेका छ कि भन्ने चिताएको हुन्छ । चित्तलाइ दृढ गर्न सके शील पालन गर्न सकिन्छ ।

पंचशील पालन गर्दा सरकारवाट कसैलाइ दण्ड गरेको, जेल पठाएको, मुलुकबाट धपाएको छ कि भनि तथागतले भिक्षुलाई प्रश्न गर्नु हुंदा छैन भन्ने उत्तर प्राप्त भए पछि लोकमा सबभन्दा सुखि को छ भनि अर्को प्रश्न उठाउनु भयो, चक्रवर्तीराजा नै सवभन्दा सुखिभनि भिक्षुबाट जवाफ पाएपछि त्यो त हिमालय पर्वतको अगाडि एक टुक्रा ईंटको ओजन पनि नभएको जस्तो भयो भनि देशना गर्नु भयो ।

पुण्य गर्न पछि पर्नु हुंदैन । पुण्यपाठ पाय निर्मूल र इच्छा पूर्ति हुन्छ । ग्राम नगर जहांसुकै रहने मानबको अनुपातमा सुखिजन भन्दा दुखीजन नै बढि हुन्छ । दुखि बढि भएको दान नगरेर मात्र होइन । दान नगर्ने त कम दुखीमात्र उनीहरू खानै नपाउने होइन । चोर्नेहरू खानै नपाउने गरी दुखि हुन्छन् । धर्म भनेको थोरै मात्र गरे पनि पाप हट्दै जान्छ । दानशील ध्यान धर्मको प्रमुख क्रिया कलापमा आउंदछ । जिवन निर्वाह गरी बचेको रकमबाट शील नभएका पशुपन्छिलाई दान गरेमा १०० जन्मतक फल प्राप्त गर्न सकिने शील लिन सक्ने मानवलाई दान दिएको फल १००० जन्मतक उपभोग गर्न पाउने र सो भन्दा उच्चस्तरका शीलवानलाइ दानदिएमा १ लाख अथवा अनन्त जन्मतक फल उपलब्ध हुने गुन्जायस हुँदा दानको महीमा ठुलै हुन्छ ।

एकै छिन भनेको हातको औला दश पटक बजाउने समय हो । त्यति अवधि मात्र ध्यान गरेपनि ध्यान नगर्ने एक सयवर्ष भन्दा श्रेष्ट हुन्छ । ध्यानको मतलब आफ्नो चित्तलाइ आफैले होसमा राख्ने । राग चित्त उत्पन्न भएको बखत राग नै उत्पन्न भयो भनी र राग अलग भएको बखत सोही अनुरूप होसमा राख्ने । त्यस्तै द्वेष सहित र रहित भएको बखत, मोह सहित र रहित भएको बखत वास्तवमा जस्तो वातावरण छ सोही अनुरूप चित्तलाई होसमा राख्ने प्रकृया हो जसबाट चित्तमा क्लेस नहुने अवस्था सिर्जना गर्न सकोस् । यसरी राग द्वेष मोहबाट अलग भै जान सक्नु सउपाधिशेष निर्वाण भनिन्छ । यो प्रकृया कठिन भएपनि अभ्यास गरेपछि सफल हुन्छ ।

# भगवान् बुद्धया कपिलवस्तु गमन

—पी. एस्. पी. लियनगे (श्रीलंका)

शुद्धोदन जुजुया थः काय्या ख्वा स्वे आपुल जुया गुक्व तक दूतत छोल नं इच्छा पुरे मजुल । एनं जुजु निराश मजू । अबुयागु वचनयात काय वास्ता मतःबले शुद्धोदन जुजुया अवश्य नं मन सुख मता ज्वी । थुकी शंका याय्थाय् मदु । एनं शुद्धोदन जुजुया थःकाय् बुद्धत्व पदवी प्राप्त याना बिज्याम्ह उत्तम महापुरुष छक थःथाय् बिज्याके दुसा कपिलवस्तु पवित्र ज्वी धैगु विचाः संगु छपु हे फरक मजू, पा मजू । भगवान् बुद्धयात कपिलवस्तु बिज्याकेगु ताः तुना हे च्वन तिनि । गज्योम्ह दूत छोत धाःसा वस्पोलयात कपिलवस्तु ब्वना हय् फै धैगु विचाः यायां सिद्धार्थ कुमार बूखुनु हे जन्म जूम्ह कालुदायि मंत्री लुमंसि वल । थ्व अवश्यनं भगवान् बुद्ध ब्वना हय् फै । सिद्धार्थ मचा बले नापं म्हिता च्वंम्ह नं खः । बुद्धि नं दुम्ह खः । मेपिं सतिके छ्वयापिं फुकं लिहाँ मवोसे क्षनसं भिक्षु जुल । कालुदायि योग्यम्ह खः थ्वैत हे छोया बी माली धका मती तया सःता थःगु इच्छाया खँकना न्ह्यागु याना नं सम्यक सम्बुद्धयात थन ब्वना हति धका आज्ञा जुल । कालुदायि माने जुल ।

शुद्धोदन जुजुयाके बिदा कया कालुदायि मंत्री कपिलवस्तुं राजगृह पाखे स्वया पिहाँवन । अबले वसन्त ऋतु जुया च्वन । सिमाय् नकतिनि चुलि जाइ च्वंगु हः खने दै च्वन । गनं रंगी चंगी स्वां ह्वै च्वन । कालुदायि भगवान् बुद्धया थाय् न्ह्योने वना वन्दना याना उपदेश न्यना भिक्षु ज्वी धुंका छुं दिं लिपा भगवान् बुद्धया लिक्क च्वना कपिलवस्तुया बयान याना च्वन । भो भगवान् शास्ता ! थौं कन्हे कपिलवस्तुइ व ले सिमा यइपुसे च्वना बु ह्वया फलसयत ठिक्क जुया च्वन । स्वया स्वया थाय् न्ह्याइपुसे च्वं । फय् नं सिच्चुक वै च्वन ।

भगवान् बुद्धं कालुदायि याके न्यना बिज्यात—छाय् छं थपाय् सकं कपिलवस्तुया बयान याना च्वनागु ?

कालुदायि धाल— भन्ते, छलपोलया जन्म दाता पिता शुद्धोदन जुजु छपिनिगु ख्वा स्वयगु इच्छा याना च्वन । थ्व छलपोल कपिल वस्तु बिज्याय्गु ई खः ।

भगवान् बुद्धं कालुयायि यागु प्रार्थना स्वीकार याना कन्हे खुनु दोलदो भिक्षुपिं ब्वना कपिलवस्तु पाखे बिज्यात । न्हि प्यक्वे न्यासि बिज्याना निला दय्का कपिलवस्तु थ्यंकः बिज्यागु पालि साहित्ये

उल्लेख दु ।

कपिलवस्तुइ राजकीय उद्याने शाक्य परिवार त मुना च्वन । बुद्धापिं शाक्यतसें धै च्वन सिद्धार्थ कुमार आः बुद्ध जुया वोसां व्हीपिं स्वया कोकालिम्ह खः उकिं वन्दना याय् मागु मदु । मचातसें व ल्यासि ल्याय्‌म्ह तसें जक वन्दना याका थःपिं छखे लिचिला दना च्वन । अन शाक्य वंशतय्‌गु मान मर्दन याय्‌त वसपोल तथागतं प्रातिहार्य क्यना बिज्यात । अले शुद्धोदन महाराजां जि काय्‌यात थ्व जिगु स्वकोगु वन्दना खः धका छ्यों क्वछुना वन्दना यासेंलि मेपिं वयोवृद्ध शाक्यतसें नं वन्दना यात । उखुनु बहनि जुल अनसं बगीचाय् भगवान् बुद्ध प्रमुख भिक्षुपिं बासं च्वना बिज्यात । कन्हे खुनु भोजनया लागी सुनानं निमन्त्रणा मयागुलिं कपिलबस्तु नगरे भिक्षा बिज्यात। भिक्षा बिज्यागु खना शाक्य वंशत थारा न्हुल । दकसिबे अप्व थारा न्हूम्ह शुद्धोदन जुजु खः । हथाय् मथाय् चाचां धोति च्वः ज्वना ब्वाँय् वना– भन्ते, छपिसं फ्वना जुया राज-वंशया इज्जत छाय् कयागु ? न्हाय् छाय् ध्यनागु ?

भगवान बुद्धं धैबिज्यात– महाराज, छपिनिगु वंश राजवंश, जिगु वंश बुद्धवंश खः, उकिं फ्वना नय्‌गु बुद्ध संस्कृतियात मल्व मजू ।

उखुनु हे भगवान् बुद्धयात राजदरबारे ब्वना यंकल । भोजन धुंका भगवान् बुद्धं धर्म उपदेश बिया बिज्यात । शुद्धोदन जुजु स्रोतापन्न जुल । मेपिं सकलें शाक्य परिवार बुद्धया दर्शन याः वन तर यशोधरा देवी छम्ह मवं । यशोधरा देवीं मती तल जिगु गुण छुं दुसा, गुण स्यूसा तथागत जिथाय् हे बिज्याइ । यशोधराया मनया खँ सीका धात्थें भगवान् बुद्ध यशोधरा याथाय् बिज्यात । शारीपुत्र महास्थविर नाप ब्वना बिज्याम्ह तथागतं धै बिज्यात सारिपुत्र यशोधरायात छुं धाय् मते । वया इच्छा कथं याके ब्यु । कोथाय् थ्यनेवं यशोधरा देवीं पालि निप्पा ज्वनां कपा दिका क्वख्वं तथागतया पालि सिला बिल ।

स्वन्हु खुनु महाभिक्षुसंघ ल्युल्यु तया कपिल-वस्तु बिज्याना च्वंगु बखतें यशोधरा देबिं राहुल कुमारयात सःता धाल– हुँ वै च्वंम्ह छं बौ खः धका परिचय बिया च्वं च्वं

चक्क वरंकित रत्त सुपादो,
लक्खण मण्डित आयत पांणि
चामर छत्त बिभूसित पादो,
एसहि तुय्ह पिता नरसीहो ।

थुकथं गुण वर्णन याना राहुल कुमारयात छं अबुयाके अंश कयाहिं धका छोया बिल । राहुल कुमार अंश काय् धका वंम्ह वनं । हानं लिहाँ मवो । अंशया थासे निर्मलगु प्रव्रज्या पावे जुल ।

थः लिक्क हि सम्वन्ध दुम्ह प्रजापतिं पाखें दुम्ह किजा नन्दकुमारया प्रव्रज्या न अबले हे जुल । उबले नन्दकुमारया नकतिनि जक जनपद कल्याणी नाप व्याहा जूइगु जुया च्वन । भोजन धुंका पात्र नन्दकुमारया ल्हाती भगवान् बुद्धं बिया बिज्यात । नन्दकुमारया मनं मखंक विहारे थ्यं बले म्हासु वसः पुने माल ।

भगवान् बुद्धया कपिलवस्तु आगमनं शाक्य राज वंशया संस्कृतिया छाप रेखा हे पल्टे जुल । राजकुलं प्रवज्या जुया नं पोरे तय्‌गु लुमंति नं भिक्षा कया बिज्यागु महान क्रान्तिया ख्यों खः ।

❀

# उपासिकां धागु खँ लुमंका भिक्षु छम्ह मार्गफले थ्यन

—धर्मदूत

कस्सक धँगु गुफाय् च्वं च्वंम्ह महामित्र स्थविर छम्ह दु । वसपोलयात थः काय् बराबर भालपा सेवा टहल याना च्वंम्ह उपासिका छम्ह दु । वया छन्हु पिने वने मागु ज्या दया म्ह्याय्‌म्ह स:ता धाल– सो मैं ! फलानाथाय् पुलांगु जाकि, फलनाथाय् धौ फलनाथाय् घ्यो, चिनि आदि दु । छिमि दाजु मित्र भन्ते थन बिज्याइबले बांलाक भोजन ज्वरे याना नकि । छं नं न । जि म्हिग ल्यंगु पुलांगु जा व म्यात क्यें नया वने ।

मां ! छं न्हिने छु नय्‌गु धका म्ह्याय् मय्‌जुं न्यन । जित जाकि भचा तया ख्वाखः सूकू हः ल्वाकः छ्याना क्वाति भचा दय्‌काति ।

मित्र भन्ते उपासिकाया छें छक वने धका चीवरं पुना वँच्वंबले दातामां उपासिकां थः म्ह्याय् यात घै च्वंगु खँ ताल । व खँ न्यना व भिक्षुं थःत थःम्हं न्वात– दातामाँनं बासिगु जा नापं म्यात क्यें नल । न्हिने ख्वाखः सुकू पाछेचा ल्वाक छ्यानातगु क्वाति नै । जिगु लागी पुलांगु जाकि, धौ, घ्यो आदि तै तःगु घै थकल । दाता मांमं जिके छें बुं, धन सम्पत्ति छुं नं आशा मया । नय्‌गु व पुनेगु नं आशा मयाः । व मामुलिगु नसा नया जितः साक्क ताजागु भोजन याका च्वंगु मार्ग फलज्ञान लाभ याय्‌गु मती तया खः । जि उलि योग्य जूला । जि मार्ग फले मथ्यंनि । जिं दाता मांयात मार्ग फले थ्यंका बी मफुनि । जिके उलि योग्यता मदुनि । उकिं दाता माँनं ब्यूगु भोजन पचे याय्‌त राग, द्वेष, मोहं मुक्त जुया वा तापाक च्वना भोजन याय् फय्‌के मानि ।

थथे मती तया अनं थः च्वनेगु विहारे लिहाँ वना अरहन्त मजूतले गुफां पिहाँ वने मखु धका अधिष्ठान याना खूब मेहनत व कुतः याना विदर्शना (अन्तर्मुखी ज्वीगु) भावना अभ्यास याना च्वन । थुकथं एकाग्र चित्तयाना मन शुद्ध याय्‌गुली लगे जुजुं उखुनु सुथे हे फुक्क क्लेशयात नाश याना अरहन्त फल प्राप्त याना काल ।

श्रमण धर्म पूरा याय्‌खना वसपोल साप लय् ताः वल । वसपोलया ख्वाले तेज खने दयका गुफां पिहाँ बिज्यात । अनसं गुफाय् च्वं च्वंम्ह देवतां वसपोल अरहत्त फले थ्यंगु खना लय्‌ता तां धाल–

नमो ते पुरिसाजञ्ञ नमोते पुरिसुत्तम
यस्सते आसवा खीणा दक्खिणेय्योसि मारिस

अर्थात्– भन्ते, छपिन्त नमस्कार दु, छपिं थें जाम्ह उत्तम अरहत्तयात दान बिया बैस वंम्ह उपासिका दुःखं मुक्त ज्वीगु जुल धका धाल ।

उखे दाता माँया म्ह्याय् जिमि दाजु भन्ते भिक्षा भिज्याइगु ई जुल धका भोजन ठिक्क याना पिया च्वन । वसपोल नं भोजन याय्‌गु ई दनि

(ल्यं ७ पेजय् स्वया दिसं)

# पूज्य महासी सयादोसंग तीर्थयात्रा

–भिक्षु अश्वघोष

बुद्ध सम्बत २५२५ फागुण महीनामा बर्माका ध्यान गुरू पूज्य महासी सयादो महास्थविरको ऐतिहासिक यात्रा नेपालमा भयो । विश्व भ्रमणको सिलसिलामा उहाँ नेपालमा आउनु भएको थियो । विश्वमा कुनै पनि ठाउँमा यत्ति श्रद्धाले स्वागत सम्मान र उहाँको उपदेश सुन्नेहरू नभएको जस्तो लाग्छ । (बर्मा बाहेक) कान्तिपुर, ललितपुर, बनेपा तानसेन र पोखरामा भव्य रूपमा स्वागत भयो । उहाँले ध्यान सम्बन्धी उपदेश पनि दिनु भयो ।

महसी सयादो लुम्बिनी बिकास समितिको निमन्त्रणामा नेपाल आउनु भएको थियो । उहाँ सुप्रख्यात ध्यान गुरू हुनु भएकोले एउटा विपस्सना ध्यान सिविर चलाउने कुरा चल्यो ; लुम्बिनी विकास समितिको अध्यक्ष ज्यूको योजना अनुसार लुम्बिनीमा नै ध्यान सिविर लगाउने निर्णय भयो । चित्त नबुझे पनि हुंदैन भन्नु कुरै उठ्दैन । काठमाडौंमा चार रातमात्र बसी महासी सयादो क्रिष्टल होटेलको मिनिबसबाट लुम्बिनी जानुभयो । काठमाडौंमा चिताय अनुसार बस्न नपाएको भने उहाँको कुराबाट थाहा पायो । श्री ५ सरकारको अतिथि भएको हुनाले अर्काको इच्छा अनुसार केही हुने भएन, न आफ्नो इच्छा अनुसार नै हुनेभयो ।

२०३८ फागुण १३ गते काठमाडौं आउनु भयो र १७ गते लुम्बिनीको लागि प्रस्थान गर्नुभयो । एकदिन र एकरात पोखरा क्रिष्टल होटेलको अतिथि हुनुभयो । काठमाडौंदेखि लुम्बिनी सम्म श्री सानु साहुले मिनिबस प्रबन्ध गरेर श्रद्धा देखाउनु भयो । काठमाडौं र कलकत्तासम्मको लागि महासी सयादो प्रमुख अरू अतिथिहरूलाई भोजन आदिको प्रबन्ध धर्मकीर्ति विहारको तर्फबाट सम्पन्न भयो ।

---

(६ पेजया ल्यं)

धका सरासर पात्र ज्वना दाता माँया छेँ भिक्षा बिज्यात । दाता माँया म्ह्यायनं भन्तेया पात्र कया भोजन आदि तया पात्र ल्हातीसं तै बिल । वसपोल थ:गु थासेन्तुं लिहाँ बिज्यात । उखुनु वसपोल या ख्वा:ले तेज खने दु । दायिकाया म्ह्याय् मयजुं वसपोल बिज्याना च्वंगुलीला स्वया वं च्वन । माँमं वया न्यन– मैं, छिमि दाजु मवोला ? म्ह्याय्मेस्यां जूगु खँ फुकं कन । थ्व खँ न्यना मामेस्यां धाल, मैं छिमि दाजुं मेहनत याना बुद्ध शासने प्रतिष्ठित जुल । हानं कुतुं वै मखुत । साधु ! साधु ! !

लुम्बिनी पुग्यो । लुम्बिनी विकास समितिको जीपबाट महासी सयादो कपिलवस्तु जानुभयो । फर्केर आउनासाथ आफ्नो डायरी लेख्नुमा संलग्न हुनुभयो । त्यस पछि ध्यान सम्बन्धि उपदेश दिनु भयो । प्रसंगवश कुरा चल्दाखेरी कपिलवस्तु दुइ पटक नगए पनि हुन्छ भन्ने आभास व्यक्त गर्नुभयो । उहाँले त्यसरी किन भन्नु भएको होला त्यो अध्ययन गर्नु नै बाकि छ । यहाँ लुम्बिनी ध्यान सिविरको बारे चर्चा नगरूं । किनकि ध्यान सिविरको लागि केही पनि प्रवन्ध मिलाएको थिएन ।

## लुम्बिनी–

लुम्बिनी ८/९ वर्ष पहिले भन्दा विकास र राम्रो भएको देखिन्छ । भैरहवादेखि लुम्बिनीसम्म पीच बाटो तैयार भै सकेको छ । बस सर्विस भएको छ । बगैंचा भएको छ । बसेर आराम लिनलाई मेच ठाउँ ठाउँमा राखिएको छ । ठाउँ ठाउँमा केरा र बदाम खाएर छिलका फ्याक्नलाई बाल्टिनहरू टाँगि राखेको पाइन्छ । चारैतिर रूखको बिरूवाहरू सफ दै जंगल भै रहेको देखिन्छ । महा मायादेवी मन्दिरको पूर्व पट्टि चढ्ने सिढी र बाटो हराई सक्यो । त्यहाँ पुराना बिहारको खंडहर देखिएको छ । श्री ५ को पुरातत्त्व विभाग चुपचाप बसे छैन भन्ने आभास मिलेको छ । धेरै जनाको आशा छ गुरू-योजना अनुसार लुम्बिनीमा विकासको काम शुरू भयो भन्ने कस्तो गौरब बढ्छ । विदेशीहरूको मुखबाट यही आवाज निस्किछ– "किन लुम्बिनी विकाश नभएको ?" विकासको काम शुरू भयो भने लुम्बिनी विकास समितिको कार्यालयमा कर्मचारीहरू नरमाई चुपचाप बस्न नपर्ने हुन्थ्यो भन्ने विचार थियो ।

महासी सयादो र अन्य अतिथिहरू लुम्बिनी राजकीय अतिथि भवनमा बस्नुभयो जहाँ कि हाक लुम्बिनी विकास समितिको कार्यालय बसेको छ ।

लुम्बिनीमा श्री ५ को सरकारले नेपाली कला पूर्ण बुद्ध विहारको निर्माण गरी राखेको अति गौरबको कुरो हो । त्यसै विहारमा पूज्य अनिरूद्ध महास्थविर र भिक्षु विमलानन्द बस्नु भएको छ । उहाँहरू र सेवकहरूको भोजनको लागि खर्च पनि श्री ५ को सरकारले नै दिइ राखेको प्रशंसनीय छ । लुम्बिनी रेखदेखकोलागि लुम्बिनी धर्मोदय कमिटी पनि छ भन्ने सुनें ।

## धर्मशाला–

तीर्थयात्रीहरू बस्न निमित्त जापनी हाजिमा भन्ने बौद्ध उपासकको श्रद्धाबाट एकसय भन्दा बढी मानिसहरू अट्ने एउटा धर्मशाला बनाइएको छ । नेपाली र एशियाली यात्रीहरूको लागि यो धर्मशाला वरदान भन्ने पनि अत्युक्ति नहोला । यसको श्रेय श्री भिक्षु अनिरूद्ध महास्थविरलाई छ ।

लुम्बिनीमा सातदिन विपश्यना ध्यान क्रम चलाई २५ फागुग २०३७ को दिन कुशीनगर गयौं । कुशीनगरको विकास देखेर उहाँहरूले कपिलवस्तु र लुम्बिनीको सक्ना गर्नुभयो । त्यहाँबाट श्रावस्ती, सारनाथ र बुद्धगयाको विकास र चहल पहल देखेर फेरि एकचोटी लुम्बिनी र कपिलवस्तुको संक्ना गर्नुभयो ।

सारनाथ पुग्नासाथ बर्मी बौद्ध उपासक एकजनाले भन्यो– लुम्बिनीमा पनि यहाँ जस्तै विकास भएको भए पैसाको वर्षा हुन थाल्छ ।

एकजना बर्मी अनगारिकाले भनी हाल्यो– वर्मा फर्के पछि एउटा चिट्ठा किन्छु, पर्‍यो भने

# आधुनिक संसारमा बुद्धधर्मको भूमिका

**–श्री गुणशेकर, श्रीलंका**

१ आधुनिक संसार भन्ने वित्तिकै विज्ञान भौतिक उन्नति र संघर्ष युक्त संसारको कल्पना हुन्छ। धर्ममा लोक अनेक प्रकारले दृष्टि दिइ राखेको हुन्छ। ह्रामी मानवको नाताले अवलोकन गर्ने हुँदा मनूष्य लोक र प्राकृतिक वातावरणको संसारतर्फ विचार गर्छौं।

विश्वमा छ अरब जनसंख्या भएकोमा दुइतिहाई गरीबी हालतमा छन्। मानिसको आवश्यक चीज बढदै छ। बढी काम गरेर धेरै सम्पत्ति लाभ गर्ने लोभको लालचले गर्दा संघर्ष उत्पत्ति भयो। एकातिर उन्नति देखिन्छ भने अर्कोतर्फ शोषण पनि छ। बुद्धको पालादेखि अहिले सम्मपनि दु:ख त्यही छ। बुद्धले दु:खबाट मुक्तहुने बाटो देखाइ दिनुभयो। जहाँसम्म दु:ख हुन्छ त्यहाँ बुद्धको उपदेशको सम्बन्ध छ। दु:खको कारण जत्ति भएपनि तृप्ति नहुने तृष्णा हो। आफ्नो जीवनमा अन्तस्करण परिवर्तन गरी दु:खको हेतु बोध गरी सर्वप्रथम आफ्नै आन्तरिक संघर्षमा उचित समाधान गर्नुपर्‍यो। आफ्नो दु:ख अरूले समाधान गर्न सक्दैन भन्ने विशेषता बुद्धको उपदेशमा पाइन्छ।

आचरणतर्फ दृष्टि दिएन भने धर्म ह्रास हुन सक्छ। जुनसुकै मुलुकमा पनि प्रचलित स्थानीय रितिथितिको अध्ययन मनन गरेर त्यसको अर्थ बोध गरी सकारात्मक भावनाको विकास गर्नु पर्दछ। आध्यात्मिक विकासको लागि धार्मिक संगठन मजबूतपारी क्रियाकलाप संवर्धनगर्नु आवश्यक छ।

---

(८ पेजको बाकी)

कपिलवस्तु विकास गर्नाको निमित्त दान गर्छु। लुम्बिनीलाई होइन।

जापानी एकजनाले भन्यो– कपिलवस्तु र तिलौराकोट नेपालको नभन्नुस। किनभने त्यहाँ जानलाई बाटो पनि छैन। त्यहाँ केही विकास भएको छैन, न देख्न लायक केही छन्। न यात्रीहरूलाई बस्न केही प्रबन्ध नै छ। कम से कम खंडहर, स्तूप र अशोक स्तम्भ भएको ठाउँसम्म त जान बाटो बनाई राख्नु पर्ने। भारतको पिपर हवा भन्ने ठाउँमा कस्तो राम्रोसँग विकास गरिसकेको छ।

यात्रीहरूले जे भने पनि लुम्बिनी विकास समितिका अध्यक्ष श्री लोकदर्शन बज्राचार्यसित कुरा हुँदा खेरी मनलाई सन्तोष छ। किनकि लुम्बिनी विकासको साथै कपिलवस्तुको विकास चाडै नै शुरू हुनेछ।

कपिलवस्तु लुम्बिनी मार्ग धमाधम शुरू भैरहेको आफ्नो आँखाले देख्न पाउँदा धेरै खुशी लागेको छ। तर बनाइ रहेको चाल चाहिं कुछुवा गति नै हो। नौवटा पुल बनाउनु पर्नेमा एउटा सिद्धिएको छ। जे होस कपिलवस्तु–लुम्बिनी मार्ग शुरू भैसकेको सन्तोषको कुरो हो।

महासी सयादोसँग लुम्बिनी कुशीनगर, श्रावस्ती, सारनाथ, बुद्धगया आदि दर्शन गर्न पाएको अहो भाग्य ठान्दछु।

# चंचलचित्त बसे तैगु भावना

—भिक्षु आर. सुमेधालंकार (श्रीलंका)

महासागर थें चंचलगु चित्त शान्त याइगु भावनां खः। भावना धैगु चित्तयात भिंगु ज्या याकेगु लँपु खः। भगवान् बुद्धं चित्त व सत्य निम्ह त्वाय् चिकेगु कुतः याना बिज्यागु भावनाद्वारा खः। भावना बिना यत्थि जागु पुण्य वा बुद्धि अज्योगु ज्या याय् फैमखु। चित्त यागु न्ह्यागु पुण्य कर्म सक्रिय ज्वीगु भावना जक खः। भावना चित्ते आकुल व्याकुल जुया च्वंगु अवस्थायात मदय्का ब्यू। भावना याना च्वंम्हं अथवा भावना वःलाम्हेस्यां मने न्ह्यागु दुःख वेदना जूसां वास्ता मतसे प्रज्ञां चाय्का स्मृति पूर्वकं समस्या समाधान याइ। भावनां बसे तैतगु चित्त दुम्हेसित सुनानं कम्प याय् फैमखु। थ्व भावना यानाया न्हापांगु फाइदा खः।

मेगु भावनाया फल खः चित्त याउँसे च्वनी। थःगु न्ह्योने च्वंवोगु कठिनाइ व संघर्षयात ळ्यातुक कुबिया मच्वंसे याउँसे च्वंका च्वनी। भावना याना तालिम ज्वी धुंकुगु चित्त शुद्ध ज्वी, न्ह्याबलें तटस्थ जुया याउँक जीवन हना च्वनी।

चंचल चित्त तालिम याय्त भगवान् बुद्धं प्यीगु (४०) भावना विधि कना बिज्यागु दु। थुपि नं मनूतय्त चरित्र अनुसारं अभ्यास याय्मागु भावना विधि जुया च्वन। रागचरित्र, द्वेषचरित्र, मोहचरित्र, श्रद्धाचरित्र, बुद्धिचरित्र, वितर्कचरित्र धका खुगु मनूतय्गु पह् चह् बा स्वभाव दु। मेपिनिगु चरित्र अनुसार भावना विधि स्यनेगु भगवान् बुद्धं हे जक फु। विद्वान अनुभवी धर्मधरपिसं नापं च्वना च्वंपि मनूतय्गु पह् चह् सीका इमित ल्वःगु भावना बी मफुगु मखु तर थथे जूगु उस्त खनेमदु। अतुल धैम्ह उपासकयात लोगु वाखँ कनेगु तक नं बुद्ध बाहिक मेपिसं मफु। भावना विधि ४० गू दुसानं छम्ह हे मनूयात व फुकं अभ्यास याकेगु मिलेमजू। थ्व याय् फैगु खँ मखु। थःगु चरित्र थःम्हं जक स्यूगुलिं थःत लोगु भावना विधि थःम्हं ल्यया कया अभ्यास याय्माः। दस कसिण, दस अशुभ, दस अनुस्सति, प्यंगू ब्रह्म विहार प्यंगू धातु, व्यवस्थान व आहारे प्रति कूल संज्ञा कथं प्यीगू भावना विधि जुल। थन खुगू चरित्रयात नं मिले जूगु प्यंगू जक भावना विधिया संक्षिप्त व्याख्या याय्।

१) बुद्धानु स्मृति २) मैत्री ३) मरण ४) अशुभ थुपि प्यता न्ह्यामसिनं याय् फुगु भावना विधि खः। बुद्धानु स्मृति भावना अभ्यास याय् वले भगवान् बुद्ध यागु ६ गुण लुमंका वस्पोल

थुगु थुगु गुण दुम्ह धका लुमंके मा:। थुकियालागी "इतिपिसो भगवा अरहं सम्मा सम्बुद्धो, विज्जा चरण सम्पन्नो सुगतो लोक विदू अनुत्तरो पुरिस-दम्म सारथी सत्थादेव मनुस्सानं" धैगु पाठया अर्थ थ्वीके माल। थुगु भावना अभ्यास याय् बले बुद्ध रूपया न्ह्योने या:सा ज्यू।

मैत्री भावना अभ्यास याय्गु नं थाकु मजू। थ्व थ:त यो कथं भावना याय् ज्यू। सकल प्राणीपिं सुखी ज्वीमा, दु:ख मदुपिं ज्वीमा, ल्वे मदुपिं ज्वीमा, द्वेष व वैरभाव मदुपिं ज्वीमा धका मैत्री चित्त फैले याना अभ्यास याय् फु। मैत्री भावना अभ्यास याइमेसित थन हे छिंछगू फल पावेज्वो। देवदेत्त व अजात शत्रुपिनि पाखें बुद्ध-यात स्याय्त वोपिनि मन नाइया वंगु बुद्धया मैत्रीबलं ख:। अंगुलिमालं तरवार बें तया बुद्धया शरण वंगु नं छगू कारण मैत्री नं ख:। सामाव-तियात कय्काछोगु वाण अन मध्यंगु नं सामावतिया मैत्री भावना ब:लागुलि ख:। मैत्री ब:लासा सकस्यां यै शत्रुत दैमखु।

मैत्री पारमिता पुरेयाना च्वंवले बोधिसत्व न्ह्याबलें सन्तुष्ट जुया च्वंगु खनेदु। न्ह्यावलें मैत्री भावना याना च्वंसा गुवले नं सुखना नं ग्याना च्वने माली मखु। छाय् धा:सा मैत्री भावना याइमेस्यां गुबलें नं मेपिन्त स्यनीगु कल्पना तक नं याइ मखु। वया मने न्ह्याबलें ग्या: धैगु गुबलें दै मखु।

मरणानुस्मृति भावना नं त:गु मछि कथं याय् ज्यू। न्ह्याबलें थ्व शरीर मदया वनी तिनि थ:सीमानि धैगु लुमंके मा:। सी मानि धैगु भावना याना च्वनीम्ह मनू न्ह्याबलें होश तया च्वनी, बेहोशे लाना [illegible] मख, सीगु खना ग्याइ मखु शोक याइ मखु।

थ्व शरीरे स्वीनिता नथोगु अंग दु धैगु लुमंका च्वनेगु अशुभ भावना ख:। सँ, चिमिसँ, लुसि, वा, छ्यंगु थुपिं न्याता न्हापां लुमंके मा:। अनं लिपा ला, हि, क्वें मल मूत्र आदि शरीरे दु धैगु लुमंके मा:। अले थ्व जीवन गज्योगु छुं सार मदुगु, अनित्यगु धैगु खँ थुयावै।

थ:त ल्व: कथं, अ:पु कथं थुपिं भावना विधि अभ्यास याय् ज्यू। विवेक पूर्वकं चित्तयात तालिम याय् फुमेसिनं न्ह्यागु संघर्ष व समस्याया न्ह्योने दना च्वने फै। थ:म्हं अभ्यास यानागु भावना गुलित ज्याय् खेले दु, याउँसे च्वं धैगु थ्वीका संसारनाप संघर्ष याय् फय्केमा:। भावना अभ्यास मयासे संसार रूपि संघर्ष भूमी च्वं च्वंपि बुना (पराजित जुया) हतोत्साही जुया वनेगु, लिचिलेगु वाहेक गुबले समस्यायात त्याका च्वने फै मखु। लडाइमे वनी बले थ: शत्रुतसें न्ह्यागु कथं संघर्षयाना च्वंसां शत्रुपक्ष न्ह्याक्व ब:लासां हतोत्साही मजूसे ल्वाय्त तयार जुया च्वनेमा:। अथे थ्व चंचल मन तालिम याय्त भावना अभ्यास याना च्वनीपिसं नं अथे हे समझे ज्वीमा:। न्हापा याना तयागु कर्म गुलि ब:ला धका धाय् मफु इमान्दारी साथ भावना ब:लात धा:सा। न्ह्यागु हे बाधा वोसा नं मन मग्यासे च्वने फैगु गुण भावनां बी फु।

गुलिं गुलिंसिया मती ख: घो पलख एकान्ते च्वना मिखा तिसिना चित्त थातं तय्गु भावना धका। तर थथे पलख भावना याय् धुंका लिपा थ: व्यवहारे गथे सना: जुयागु ख: अथेन्तु पह वह जूसा, नुग स्याइगु पह, मन बेकोइगु वह अथेन्तुं जूसा भावना यानागु छुं ज्या खेले मदु। भावना धैगु लाला: बले न्ह्याबलें अभ्यास याय्मागु

# म यस्तै छु

—कोमल न्यौपाने

(१)

म पागल नचाउंथें
म बन्दि हसाउंथें
शिशुहरू फुल्याउंथें
बुढाबुढी भुल्याउंथें

(२)

मिठो पिठो बनाउंथें
अशंकारी म त्यागी थें
म शान्त सुद्ध बुद्ध थें
अशान्ति देखि दुर थें

(३)

म स्नेह घस्न जान्दिन
छु स्नेह देखि दुर म
साहित्यमा म लिन छु
म लक्ष्मी देखि दुर छु

(४)

मलाई व-व गिज्याउलान्
मुसुक्क हासी दिन्छु म
मलाई क्वै फसाउछन्
जुरूक्क उठी हिड्छु म

(५)

हजुर । हजुर नजान्दा
विकाम कामको भएं
म केहि भिक माग्दीन
भए म दिन्छु केहि म

(६)

मलाई निर्दयी भन
मलम लगाई दिन्छु म
मलाई स्वांठनं गन
रूने हँसाई दिन्छु म

---

चीज खः । छक निंक भावना याय्वं गाः धाय्गु मिले मजू । थ्व चित्त कजे याय् थाकुं । बरो बर भावना अभ्यास याना यंकेंगु बानि जूसा तिनि न्ह्यांबलें न्ह्यागु ज्या याःसानं होश दै च्वनी अले चित्त एकाग्र जक नं जुया च्वनीगु मखु यानागु ज्या फुकं गतिलाना तिप्यना च्वनी । न्ह्यागुं ज्या याय्-बले नं होश दै च्वंसा, प्रज्ञां युक्त जूसा न्ह्याथायनं भावना याय् अपुइ । एकान्तगु थाय् माः धाय्म्वाः । थुकथं होश तै च्वने फुसा न्ह्याबलें भावना बः लाइ । भावना अभ्यास याना च्वंम्ह ज्वी । थःगु मैत्री व्यवहारं मेपिनिनं मैत्री बःलाना वनी अले शान्ति स्थापना मज्वी धका धाय् फै मखु ।

# सानो भन्ते

–सुवर्ण शाक्य, ॐ बहाल, काठमाडौं



लेखक

पंचशील र अष्टशील पालन गरेका उपासक उपासिकाहरू ठेलमठेल गरेर वर्षभरि बिहारमा जानेगरिरहेकाले गौतम बुद्धको उपदेशको प्रभावकारिता स्पष्टयाउँथ्यो । सधैं विहारमा व्यस्त रहने ती उपासक उपासिकाहरू कसरी कमाउँथे र खर्च गर्न समर्थ हुन्थे भन्ने कुरामा मानिसहरू तर्कवितर्क गर्थे । एउटा घरको दम्पती पनि सधैं विहारमा जान्थे । उनीहरूको एउटै छोरा थियो १२ वर्षको । ऊ दिनहुँ स्कूल जान्थ्यो र फर्कन्थ्यो । घरमा उसको खाने ठेगाना कहिल्यै हुँदैनथ्यो । कहिल्यै बासी भात र कहिल्यै सुखा रोटी खाएर स्कूल जानुपर्थ्यो । कहिले त खालो पेटै स्कूल गएर त्यहाँबाट फर्के पछि मात्र खाना खानुपर्थ्यो । बिहान बिछ्यौनाबाट उठ्दा ऊ एक्लो हुन्थ्यो । उसका आमा बाबुको बाहिर जाने र घर फर्कने समयको कुनै ठेगाना हुँदैनथ्यो । ऊ विवश ! आमाबाबुले जे ख्वाए त्यही खानुपर्थ्यो र जे गरे त्यसैमा सन्तोष लिनुपर्थ्यो । उसको लागि सधैं एकाकीपनको अनुभव भइरहन्थ्यो ।

विहारमा जाने आमाबाबु धर्मात्मामा गनिन्थे । तर उसलाई भने आमाबाबुदेखि असन्तोष थियो र विहार भनेपछि क्षोभ प्रकट गर्ने मन लाग्थ्यो । घरमा आमाबाबु शान्त भई बसिरहेको उसले कहिल्यै देखेन र खुशी भई कुरा गरिरहेको पनि कहिल्यै सुनेन । आपसमा छेडछाड र पेचापेच नै उनीहरूको दैनिक गार्हस्थ्य कर्तव्य झैं थियो । आमाबाबुको वाक्द्वन्द्वले कहिले बिस्कुन सुकाएझैं बुइँगलभरि भात हुन्थे भने कहिले पाकेको भात पनि कसौंडीको कसौंडीमै रहन्थ्यो र दुबैमा मौनयुद्ध हुन्थ्यो । कुनै बखत मिलेर कुरा गरिरहेको देखिन्थ्यो भने पनि परनिन्दा र टीकाटिप्पणीमा नै उनीहरूको समय बितिरहन्थ्यो । विहार र विहारका भन्तेहरू पनि उनीहरूका लागि अनावश्यक चर्चाका विषय बन्थ्यो ।

एक दिन बैशाख पूर्णिमाको दिन थियो । छोरालाई पनि लिएर बाबुचाहिँ बिहार गयो । आमाचाहिँ त बिहान बिसमिसेमै हिँडिसकेकी

थिई । उपासक उपासिकाले विहार खचाखच थियो । बुद्धपूजा शुरू भयो । पालिबाट गरिएको प्रार्थनाले विहार गुञ्जियो । भन्तेको अगुवा प्रार्थना पछि उपासकहरू त्यही वाक्यलाई दोहोऱ्याउँथे । पलेंटीमारेर बसिरहेका छोराचाहिँले प्रार्थना गर्दा के भनेको हो केही बुझेन । चारैतिर बसी प्रार्थना गरिरहेका उपासक उपासिकाहरूमा उसका आँखा दौडे । भिक्षुहरू चीवरवस्त्रमा शान्त देखिन्थे । अनगारिकाहरू छुट्टै स्थानमा एक जत्थाभई कपाल मुडिएतापनि नारी प्रकृतिले कोमल देखिएर पहेंला चीवरहरूमा शोभित थिए । उपासिकाहरू कोहीघुंडा टेकेर प्रार्थनाको लयमा निहुरन्थे त कोही भावावेशमा आँसु चुहाइरहेका थिए भने कोहि बोलुं कि नबोलुं झैं आँखा नचाइ नचाइ मुखमात्र बाइरहेका थिए । उसलाई सबं उपासिकाहरू आफ्नै आमा जस्ता र सबै उपासकहरू आफ्नै बाबु जस्ता लाग्यो । भन्तेबाट धर्मदेशना शुरू भयो । धर्मदेशनाको क्रममा भन्तेले भन्यो–

"वचनले तथा शरीरले कसैलाई दुःख नदिने । प्रातिमोक्षको संयमपूर्वक पालन गर्ने । भोजनमा मात्रा बनाउने । बनमा बास गर्ने । योगद्वारा चित्तलाई शिक्षित पार्ने । यही बुद्धको उपदेश हो ।"

उसलाई अर्थ खुलेजस्तो लाग्यो । वचनले तथा मनले कसैलाई दुःख नदिने भन्ने कुरा उसको मनमा गढ्यो । उसको ध्यान अर्कैतिर गयो । हिजो दुइजना मानिस बाटोमा आपसमा गाली गलौज गरी जसरी झगडा गरिरहेको, बुद्धपूजाको लागि ठीक समयमा सामान ल्याइपुऱ्याएन भनेर एकछिन अगाडि मात्र एकजनाले आफ्नो नोकरलाई सबैको अगाडि अपमानितगरी कुर्लेर किस्तोबाट नै हिर्काएको र आफ्ना आमाबाबुको घरको स्वभाव एक एक गरी उनको आँखामा नाच्नलाग्यो । एक दिन बिहान भातै नखाइकन स्कूल गएर दिनभरि पढी स्कूलबाट फर्केपछि पनि घरमा भात नपाकेको देखेर भोकले सताउँदा खाना माग्दाखेरि आमाले गाली गर्दा ज्यादै चित्त दुखेर आफ्नो मन रोएको कुरा पनि उनले आजै संझ्यो । यस्तै यस्तैता पूजा सकियो । भिक्षुहरू भोजनकक्षतिर लागे । उपासक उपासिकाको मौनता भंगले विहार हलचल देखियो । भिक्षुहरूको भोजन सकिएपछि उपासक उपासिकाहरू प्रसाद ग्रहणतिर तरखर गर्न लागे । आफ्ना छोरालाई बिर्सेका बाबु र वास्ता नभएकी आमा पनि त्यसै भीडभाडमा गाँसिए । छोराचाहिँ वाल्लपरी अलमल्ल परिरह्यो । एकजना अनगागारिकाले उनलाई यवागु वितरण भइरहेको उपासकहरूका पंक्तिमा लगेर राखिन् । यवागु खाएर ऊ हात धुन ट्यांकीमा बनाएको धारातिर लाग्यो । त्यहाँ उनै अनगारिका आई पानीट्यांकीको धारा खोलिदिइन् । हात धुनलागेको बालकले उनको मुख पुलुक्क हेऱ्यो । अनगारिकाले मुसुक्क हासेर भनिन्–

"हात धोउ । मुख कुल्ला गर ।" बालकले केही नबोली हात धोयो । उसको मनमा कुरा खेल्यो– "यिनी नै मेरी आमा भइदिएकी भए कति हुन्थ्योहोला ?" मुख नपखाली खालि हात मात्र धोइरहेको देखी फेरि अनगारिकाले भनिन्–

"हात धुन पुगेन र, मुख सफा गर न ।" बालकले मुख कुल्ला गऱ्यो । फेरि उनको मनमा त्यही कुरा खेल्यो– "साँचै यिनि गुरूमाँ नै मेरी आमा भएकी भए कति हुन्थ्यो होला !" धेरैबेरसम्म पनि धाराबाट नहटेको देखी अनगारिकाले

भनिन्–

"पुगेन र, लौ यसले हातमुख पुछ ।" एउटा पहेंलो रूमाल उनलाई दिइन् । बालकले हात फ्टकारेर पानी छर्कायो । रूमाल लिन हिच्कि-चायो । अनगारिकाले बालकलाई समाइ आफैंले मुख पुछिदियो । भोजन र प्रसाद ग्रहणको कार्यक्रम सकियो । अनगारिका आफ्ना साथीहरूको बथान-तिर लागिन । बालक बाल्ल टोलाइरह्यो ।

भोलिपल्ट किताब बोकी घरबाट निस्केको त्यो बालक स्कूल नगएर सरासर त्यही बिहारमा पुग्यो । यताउती हेऱ्यो । कसैलाई पनि देखेन । विहारमा स्थापित मूर्तिको अगाडि गयो । मूर्ति हाँसेर ल्याए कैं उसलाई लाग्यो । मूर्ति उनै अन-गारिकाको रूपमा देखियो जसले हिजो उसलाई हातमुख सफा गर्न मद्दत गरिन् । अनायास उसको मुखबाट निस्क्यो– "आमा ।" उसलाई पछाडि-बाट कसैले तान्यो । पाँचऔंले हात उसको गालामा जोड्ले बज्यो । उसको कानले सुन्नपुग्यो– "स्कूल जाने भनेर किताब बोकी बडो जथाभावी घुमिरहने ।" गालामा सुम्सुम्याई यसोक हेऱ्यो । आफ्नै आमालाई देख्यो जो बिहारमा सबेरै आएकी थिई, घरफर्केकी थिइन । छोराले भन्यो– "म यहीं पढ्छु ।"

"हुन्छ, तँ पनि भिक्षु बन् अनि यहाँ पढ्लास् ।" तर्साएर आमाले भनिन् । छोराले केही बोलेन । गाली गर्दै आमाले उनलाई तानेर लगिन् स्कूलतिर पठाइन् । बालक अबेर गरी स्कूलमा पुग्यो । शिक्षकले अबेर गएकोमा फ्पारेर उठबस गरायो । उठबस गरी आफ्नो सीटतिर गई बस्यो । शिक्षकले भन्यो–

"आज सुक्रवार हो । नयाँ पाठ पढने होइन । तिमीहरूलाई लागेको कुरा सोध ।" विद्यार्थीहरू चञ्चल देखिए । करबलले दैनिकरूपमा बुझाइर-हनुपर्ने पाठदेखि मुक्त हुन पाएर विद्यार्थीहरूले प्रश्नहरू गरे । कसैले सिनेमाको बारेमा, कसैले खेलकूदको बारेमा, कसैले खानपान र कसैले फेशनको बारेमा आ-आफ्ना मनलागेका कुराहरू सोधिन् । त्यसले पनि साहस गरेर सोध्यो–

"सर, भिक्षुहरू किन बिहारमा बस्छन ?"

"घर समाजको मोहदेखि टाढारहन ।"

"उनीहरू बिहारमा बसेर के गर्छन् ?"

"आत्मसंयमी भई परमार्थ ज्ञान लिन्छन् ।"

"परमार्थ भनेको के हो ?"

"उच्चतम आदर्श हो ।"

"उनीहरू आफू मात्र आदर्श बन्छन् कि अरू-लाई पनि बनाउन कोशिश गर्छन् ?"

"अरूलाई पनि आदर्श बनाउन तत्पर रहन्छन् ।"

"भिक्षु बन्न के गर्नुपर्छ ?"

"प्रब्रजितभई चीवर लगाएर बोधिज्ञानको लागि तयार रहनुपर्छ ।"

उसको प्रौढ तालको निरस प्रश्नहरू सुनेर कोही हांस्न थाले र कोही आश्चर्य चकित रहे । घण्टी लाग्यो । कक्षा स्थगित भयो ।

शनिश्चरवारको दिन । स्कूल बिदा थियो । आमाचाहिं ज्वरोले बिरामी भई ओछ्यानमा परिराखेकी थिइन । बाबु चाहि फर्को मानीमानी भात पकाइराखेको थियो । छोरा आमाकहाँ बसी किताब हेरिरहेको थियो । आमाले भनिन्–

"तिम्रो बालाई भनिदेऊ, आज मलाई भात पकाउनु पर्दैन । न केही औषधी छ, न कोही डाक्टर बोलाएर ल्यायो । कस्तो निर्मोही ! यस्ता-

लाई पनि लोग्ने भनिन्छ कहिल्यै ?"

"बाबु, माथि आऊ । तिम्री आमालाई पनि बोलाऊ । घिच्न आ भन । माथिबाट बाबुचाहिँले भनेर ल्यायो । छोरा बिस्तारै उठेर माथि जान लाग्यो ।

"पख, न जा । त्यो अविवेकीले पकाएको भात खुवाउन्न तिमीलाई ।" जानलागेको छोरालाई रोकिन् ।

"कतिबेर लगाएको ए गधा ! तँ पनि आमाकै छोरा बनिस् ।" बाबुचाहिँ कुर्लेर ल्यायो । छोराचाहिँ न यता न उता भयो । उसले बिहार सम्झ्यो । भन्तेको धर्मदेशना सम्झ्यो । धर्मदेशना सुन्न आउने उपासक उपासिकालाई सम्झ्यो । अनि सम्झ्यो ती अनगारिका जसले उसलाई यवागू खाई धोएको हातमुख रूमालले पुछिदिइन् । ऊ सरासर भरेंग ओर्ल्हो बाहिर गयो । आमाचाहिँलाई लाग्यो माथि गयो । बाबुचाहिँलाई लाग्यो माथि आएन । तलबाट आमाचाहिँको र माथिबाट बाबुचाहिँका तीखा बचनको युद्ध चलिरहेको थियो । पछि दुबैलाई थाहा भयो छोरा दुबै ठाउँमा थिएन ।

केही छिन पछि उही अनगारिकाले त्यसलाई लिएर आइपुगिन् । उनले भनिन्— "तपाईको छोराले प्रव्रजित हुनुपऱ्यो भनी ज्यादै जिद्दी गर्न आइराख्यो । कति सम्झाउँदा पनि उसको मन बदल्न सकिन । बल्ल सम्झाएर आफैसहित यहाँ आएँ । तपाईहरू आफै संभाल्नुस् छोरालाई ।"

"यो चाण्डाल हो । यसले मेरो मासु नै खान लाग्यो । मेरो अर्को एउटा मात्र छोरा भैदिएको भए कठालो समाएर घरबाट हुत्याइदिन्थें । कसले वास्ता गरोस् यस्ता कुलांगारलाई ।"

"म प्रव्रजित हुन्छु । पहेंलो लुगा लगाउँछु । पलेंटीमारेर ध्यान गर्छु ।" अकस्मात् छोराले साहस बटुलेर आफ्नो मौनता भंग गरेर भन्यो ।

"ई ध्यान गर ।" लोप्पा दिएर आमाले भनिन् । "सानो मान्छे भएर ठूलो मुख ।"

"यसरी सास्ना त दिनुहुन्न नि छोरालाई ।" संम्झाउनु बुझाउनु पो पर्छ । बालकको पनि त मन हुन्छ नि । अँध्यारो मुखपारी अनगारिकाले भनिन् । छोरो चाहिँ त्यहाँबाट उठेर कोठा भित्र गयो । विस्तारै ढोका बन्द गऱ्यो ।

"हेर्नुस् छोराको ताल । कस्तो मात्तिएको छ । कसले सिकायो त्यसलाई त्यस्तो कुरा ।" आमाले भनिन् ।

"भावना आफै उब्जिएर आउँछ कसैले सिकाउनु पर्दैन । यदि कसैले सिकाएको छ भने तपाईले नै सिकाउनुभयो होला ।

"के कुरा गर्नु भएको गुरूमांले पनि । यस्तो जिस्काउने कुरा मन पर्दैन मलाई ।"

"सिकाउने भनेर गर नै भन्नुपर्छ र वातावरण दिनु र प्रभाव पार्नु सिकाउनु होइन र ? तपाईंको स्वभाव नै उसको विरक्तिको कारण पनि त हुनसक्छ ।"

"हुनसक्छ ! खूब हुनसक्छ ! तपाईंले नै त उस्काएको होला नि । मेरो एक्लो छोरालाई संन्यासी बनाएर मेरो विपत हेर्नचाहने । जानुस् मेरो घरबाट । आइन्दा तपाईं जस्तो स्वार्थीको विहारमा पनि कहिल्यै आउँदिन ।" अनगारिकाको मुख रातो भयो लाज र अपमान मिसिएर । आँखाबाट सररर आँसु झऱ्यो । कोठाको ढोका खुल्यो । पहेंलो लुगा लगाएको हातमा पिण्डपात्र लिएको बालक उनीहरूको अगाडि आयो । उसले

भन्यो– 'हुन्छ, तपाई नजानुस् । म जान्छु । म शील प्रार्थना गर्छु । पालन पनि गर्छु । म वचन तथा शरीरले कसैलाई दुःख नदिने प्रण गर्छु ।"

आमाचाहिंले अपमानित गर्दा जति आँसु झरेको थियो । बालकको त्यो कुरा सुनेर त्यस भन्दा दोबर अनगारिकाको आँखाबाट आँसु झऱ्यो । उनले भनिन्–

"भैंगो बा, तिमी यहां बस । आमा-बाबुको सेवा गर । आज्ञा पालन गर । तिमीलाई सन्तोष मिल्नेछ । यो लुगा तिमीले कहांबाट पायौ ? यो पिण्डपात्र तिमीलाई कसले दियो ? 'तिमी सानो भन्ते ।' म तिमीकहां आउँछु । तिमी यहीं वस ।" आश्चर्ययुक्त स्वतस्फूर्त वेदना भरिएको स्वरले अनगारिकाले भनिन् ।

"झूठो कुरा नगर्नुस् । यो मैले नै सँगालेको पैसाले किनेको हो । तपाईंले लिनुभएको पंचशील अष्टशीलले यही सिकाएको छ तपाईंलाई । म जान्छु । मेरो जानुमा तपाईंसंग के सम्बन्ध ।" आमातिर हेरेर अधिकार मिसिएको बिद्रोही स्वरले छोराले भन्यो ।

विरामी, त्यसमा पनि मानसिक असन्तुलनले रिंगटालागी आमाचाहिं अचेतनप्रायः भइन् । अचेतनावस्थामा नै उनले बर्बराइन्– "म वचन तथा शरीरले कसैलाई दुःख नदिने प्रण गर्छु ।" विस्तारै होशमा आएर आमा चाहिंले आँखा खोलिन् आङ तानेर घिस्रेर छोराको पाउमा पुगेर आँखाभरि आँसु छचल्काई भनिन्–

"मेरो 'सानो भन्ते' । मेरो आँखा खुल्यो । तिमी छोरा होइनौ, मेरो गुरू हौ । तिम्रो खुशी तिमी जे गर्छौ गर ।" फेरि आँखा चिम्लेर उनी बर्बराइन्– "वचन तथा शरीरले कसैलाई दुःख दिनेछैन ।"

छोरा चाहिंको पाइला बिस्तारै अगाडि सऱ्यो । अनगारिका पनि उसको पछि पछि लाग्यो । आमाचाहिंले टोल्हाएर भन्दैरहिन्– "वचन तथा शरीरले कसैलाई दुःख दिनेछैन । वचनं तथा शरीरले कसैलाई दुःख दिने छैन ।"

---

बुद्ध जन्म, बुद्धत्व लाभ व परिनिर्वाण प्राप्त जूगु दि

२५२६ स्वांयापुन्हिया शुभ–कामना

श्री दबलकाजी तुलाधर

भोटाहिटी, यें

# मानसिक प्रश्नया लिसः

**न्यना हःगु मानसिक प्रश्नयात श्रीलंकाया 'बुद्ध सरण' धैगु अखबारं बियातःगु लिसः ज्याय् खेले दुथें च्वना थन तै च्वना ।** **—सम्पादक**

न्ह्यसः— जिमिकला साप हारां, धैगु खँ मन्यं, म्हुतु बांमला । जि धैगु खँ मन्यंसे वया गथे गथे मतीवन, यल अथे अथे हे ज्या याइगु । धार्मिक पूर्वकं जीवन हनेगु इच्छा याना च्वनाम्ह जित थ्व छगू समस्या व बाधा थें जुया च्वन । वयात तोता छोयला ?

लिसः— मिसा तोता छोयवं समस्या व पंगल मदैवत्ती धैगु छिगु मतीला ? छिं च्वै हःगु थुगु चिट्ठी च्वंगु कलाया विशेषण पद वं स्वयबले मना सिव जू धका स्वीकार याइ मखु थें च्वं । छिम्ह मिसा छाय् हारां जुल, छाय् धैगु खँ मन्यं धैगु छिछक विचाः याना स्वै दीला ? छु कारणं थथे जूगु धैगु पत्तालगे याय्गु कुतः याना दीला ? छिं शायद मिसायात मागु पाखे बांलाक वास्ता मतः ज्वीफु अथवा मिसायात यो खतं खँला बला छिं मया ज्वीफु । मिसायात लय्ताइ कथं मिजं न व्यवहार याय् मसल धाय्वं नं मिसात अथे हारां ज्वीफु । व्याहा याय्गु धैगु मिसा छेँया दासी, नोकरनीथें समझे ज्वी मज्यू । भातयागु अनुशासने जक मिसात च्वनेमाः धाय्गु मिले मजू ।

छेँ सिगालोवाद सूत्र अनुसारं छेँया हामा हे मिसा धैगु खँ छि न्यना तःगु दै । फतिं फतले मिसाले मिसाया प्रति करूणा तया माया याना नरम छातं खँ ल्हाय्गु बानि याय्माः । थःम्हं माया याः साजक वं नं माया याइ धैगु खँ लोमंके मज्यू । छकनिक गल्ति याइबले नं ज्या व अवस्था स्वया क्षमा याय् फय्के माः । मिसा भ्वार्तिनि मखु सहयोगी पासा खः अर्धांगिनी खः धका समझे ज्वी माः । मिसां नं थःगु कर्तव्य भालपा छेँया सम्पत्ति व धनया सुरक्षा याय्माः थ्व नं मिसाःतसें लोमंके मज्यू । भातया व्यवहार कथं मिसाया पहचह पाना वनीगु खः । छि थःगु पहचह पाखे छक ध्यान तया छिगु व्यवहार नरम याना दिसं अले छिम्ह मिसां छि धागु खँ न्यना ज्ञानि मज्वी मखु ।

न्ह्यसः— छि च्वादँ दुम्ह मिसा मचा खः । जि कुमारी तिनि । जि छेँ तोता म्हासु वसः पुना दशशील माता (अनगारिका) ज्वीगु साप इच्छा खः । छन जिगु इच्छा बःलाना वोगुलि म्हक्से नापं म्हासु वसः पुना च्वना धका खना च्वन । तर जिमि माँ—बौ धाःसा जिगु इच्छाया अःख जुया च्वन । इपिं तस्सकं विरोधी जुया च्वन । उकिं

मानसिक पीर जुया च्वन ।

लिसः– छिम्ह माँ–बौ छिगु विचार नाप छाय् विरोधी जुया च्वन धैगु खँ छि सिहे स्यू ज्वी। व हे कारण थ्वीका छि नं माँ–बौ जुया कल्पना छक याना दिसं । माँ–बौ नं जन्म बिया तसें निसें माया ममता याना ब्वलंका तल धैगु खँ छक नं छि लुमंके ज्यू ।

छि सपना खना च्वंगु दशशील माता (अनगारिका गुरुमाँ) या पिनेया रूपया बारे मखा ? सं खाना म्हासुवसः पुनेगु हे छिगु इच्छा व उद्देश्य खःसा थ्व ला पिनेया रूप जक खना मनेलूगु मचाज्ञां जुया मानसिक पीर कयाच्वंगु थें च्वं । अथे मखु जि दशशील हे पालन यायगु दुनें निसेंया इच्छा खःसा सँ नं मखासे, वसः नं फेरे मयासे दशशील पालन याना ज्ञानि जुया च्वंसा छित माँ–बौ नं पने फैला ?

छें हे च्वना मेपिन्त ध्यमे थाना मजूसे सुंक शील पालन याना च्वंसा छुं बाधा दै मखु ला धैथें च्वं । छें च्वना मछिना वल धाःसा पंचशील जक पालन याना च्वंसाँ ज्यू । थ्व नं स्वैतं धै च्वने माःगु खँ मखु । थुकि छिगु गौरब दै हे च्वनी । थथे धै च्वनागु छाय् धाःसा आमजोगु जौवने मतीवोगु जोश व उत्साह सदां नं ताजा मज्वीफु । थ्व मन चंचल खः । थम्हं धैथे तय् थाकु । छुं जुया मन हिला वन धायवं लोकं अपहास निन्दायाका च्वने माली । यगु थजु थजोगु निर्णय यायत माँ-बौया अनुमति व इच्छा मज्वीकं बाँला मजू । पाय् छि जू धाय् मछि ।

न्ह्यसः– जित छें व स्कूल जक मखु थ्व संसार खना वाक्क वल । न्ह्याव सुख व साधन दुसां म्वाना च्वने मास्ते मवल, विरक्त जुया च्वन । थः खना हे दिक्क चाइ च्वंम्हेसित छक ज्ञानया उपदेश बियादिसं ।

लिसः– छिगु पौ तस्सकं चिकि हाक जूगुलि थः खना व संसार खना छाय् दिक्क चाल धैगु खँ सीके मफु । कारण सीके मफु । भचा ताःहाकयाना खँ तच्छ्याना हसा छित उपदेश बी अःपुइ । जीवनया समस्यायात मदय्केगु बाहिक समस्या खना विस्युं वनेगु मखु । मग्यासे समस्या समाधान यायत संघर्षशील ज्वीगु कुतः या ।

---

# २५२६ दँ बुद्ध जयन्तीया भितुना

**छिक पित मागु फोटो व स्वयगु न्हाँयकं मासा लुमंकादिसं**

**साथे फर्नीचर नं दु ।**

**बुद्ध पिक्चर**
१२।३।१७ बांगेमुढा, बलाछी

# दोषी बुद्ध

–प्रकाश वज्राचार्य



स्थान : जेतवन, श्रावस्ती समय : सन्ध्याकाल

(अपार जनसमुह शान्त र निश्चल भएर बसिरहेका छन् । एकापट्टी तेजश्वी, निर्मल र निश्चल अनुहार भएको बुद्ध धर्माशनमा बस्नु भई उपदेश दिइराख्नु भएको छ ।)

बुद्ध– .....ओहो ! कस्तो भयंकर आगो बलिरहेछ । सबै बलिरहेका छन् । आँखा जलिरहेको छ, रूप जलिरहेको छ । आँखा र रूपबाट उत्पन्न विज्ञान जलिरहेकोछ । यी सबै कस्तो खालको आगोमा जल्दैछन् ? रागको आगोमा, द्वेषको आगोमा र मोहको आगोमा यी सबै जल्दैछन् । जन्म, बुढापा, मृत्यु, शोक, परिदेव (रोन्दन), दुःख, दौर्मनस्य (मानसिक दुःख) आदि कारणहरूले गर्दा यी सबै जल्दैछन् .....

(सबै ध्यान दिएर मन्त्रमुग्ध भई सुनिराख्छन् ।)

बुद्ध– ....हेर ! यो आशक्ति हो । यसमा सुख नगण्य छ; तर दुःख धेरै छ । होशियार ! यो माछा फँसाउने बल्छी हो.....।

(अकस्मात् एक अति लावण्यवति सुन्दरी उपासिकाहरूको माझबाट उठ्छिन् ।)

सुन्दरी– (चिच्याउँदै) यो कस्तो चाल हो तपाईंको ! (बुद्धतिर औंल्याउँदै) तपाईं यहाँ बसेर धर्मको उपदेश दिनु हुन्छ । सीधा साधा जनतालाई आफ्नो मधूर बोलि र रमाइलो भाषाबाट भाषण दिएर अल्मल्याउनु हुन्छ । तर मेरो, तपाईंको धर्मपत्नीको, पटक्कै याद छैन तपाईंलाई ?

(सबै स्तम्भित हुन्छन् । कोही बुद्धलाई, कोही सुन्दरीलाई तोल्याइ राख्छन् ।)

एक उपासक– (उठेर, सुन्दरी प्रति हेरी) उपासिका ! होस गरी कुरा गर्नुस् । उहाँ महात्मा बुद्ध हुनुहुन्छ । उहाँको धर्म

सभामा विचारै नगरी यसो उसो कुरा भूलैले पनि नगर्नू ।

सुन्दरी– (उपासकलाई ठाडे जवाफ दिदै) महात्मा बुद्ध होला तपाईंहरूको लागि । मेरो लागि त उहाँ मेरो पति हुनुहुन्छ । (आफ्नो फूलेको पेट देखाउँदै) मेरो पेटमा रहेको बच्चाको पिता हुनुहुन्छ । (बुद्धतिर हेरी) ल, के त्वाल्ल परी हेरि राख्नु भएको ? आफ्नो मधूर आवाजमा सबैको अगाडि घोषणा गरिदिनुस् कि म तपाईंको स्वास्नी हुँ, म तपाईंको बच्चाको आमा बन्ने वाला छु ।

(सबै चुप लागिराख्छन् ।)

सुन्दरी– मैले तपाईंको गर्भ बोकेको नौ महिना भइसक्यो । अब त सुत्केरी हुने बेला पनि भइसक्यो । तपाईं चाहिं खालि उपदेश मात्रै दिइराख्नोस् । खोइ मलाई सुत्केरी कोठाको बन्दोबस्त गर्नु भएको ? घ्यू तेलको प्रबन्ध मिल्यो कि मिले छैन ?

(बुद्ध चूप । सबै आश्चर्य भई त्वाल्ल परिराख्छन् ।)

सुन्दरी– किन नबोल्नु भएको नि तपाईंले ? आज यहाँ कोशल राजा, अनाथपिण्डिक, विशाखा भएकोले लाज लाग्यो कि क्या हो तपाईंलाई ? स्वास्नी बनाए पछि बच्चा हुन्छ भने थाहा छैन तपाईंलाई ? कस्तो सर्वज्ञ तपाईं ! लौ, मलाई यसो उसो थाहा छैन, तपाईंको बच्चा जन्माउनको लागि आवश्यक बन्दोवस्त मिलाइ दिनु पऱ्यो ।

बुद्ध– (शान्त स्वरमा) बहिनी ! . . . . .

सुन्दरी– (मुख बिगारी, हात नचाउँदै) ओहो ! अब म बहिनी भएँ तपाईंको लागि, होइन ? राति राति चाहिं 'मेरी प्यारी चिंचा' भनी माया गर्नु हुन्थ्यो, अब सबैको अगाडि चाहिं बहिनी रे ! कस्तो लाज नभएको नकच्चरो मान्छे, हेर्नु न !

बुद्ध– (शान्त, गम्भीर स्वरमा) बहिनी ! यो कुरो सत्य हो वा झूठो हो भन्ने कि तिमीलाई थाहा छ, कि मलाई थाहा छ ।

सुन्दरी– हो, हो, अरू कसलाई थाहा होला र ? तपाईं र मेरो विचको सम्बन्ध अरू कसलाई थाहा होला र ! के यस्तो कुरो पनि सबैलाई थाहा हुन्छ र ? (कोशल राजातर्फ फर्की) हे राजन् ! तपाईंको राज्यमा सबैले न्याय पाएका छन् । मलाई पनि न्याय दिलाइदिनु पऱ्यो तपाईंले ।

कोशल राजा– (बुद्धतिर हेरी) तथागत ! आज लाग्छ मलाई मेरो कानले धोका दिइराखेको छ ; आफैमा विश्वास हराउंदै छ मेरो । मलाई यस मिथ्या धारणबाट मुक्त गरि दिनुस् ।

बुद्ध– (नरम स्वरमा) हे राजन् । जसरी महान् पर्वतलाई बतासले हल्लाउन सकिदैन त्यसरी नै बुद्धिमान्‌हरू निन्दा बाट विचलित हुँदैनन् ।

सुन्दरी– (सबैतिर फर्की) सुन्नु भो सुन्नु भो तपाईं-

हरूले तथाकथित तथागतको कुरो ! स्वास्नी बनाउनु हुन्छ तर स्वीकार्नु हुन्न उहाँ गर्भित बनाउनु हुन्छ तर बच्चा जन्माउन चाहन हुन्न उहाँ । यो कहाँ सम्मको अन्याय हो । तपाईंहरू धर्मप्रेमि हुनुहुन्छ भने मलाई न्याय दिलाइदिनु पर्छ तपाईंहरूले ।

(एक जना उपासकको भेषमा आएको तिर्थंकर उठ्छन् । )

तिर्थंकर– धर्ममित्रहरू ! मलाई लाग्छ कि चिंचा माणविकाले सत्य कुरा बोलिरहेका छन् । उनको फुलेको पेट हेर ; के यसले स्पष्टसँग उनको कुरालाई तेवा दिइरहेको छैन ?

दोस्रो उपासक– (उठेर) साथी हा ! मलाई पनि लाग्छ कि यसकुरामा सत्यता छ । म झूठो बोल्दिन । म यस विहारमा आइरहेको तीन वर्ष भइसक्यो । गत वर्षदेखि मैले यो देख्दै आएको छु कि हामी विहान सबेरै विहार जाँदाखेरि चिंचा मानविका उताबाट फर्केर आउँछिन् ; र बेलुका विहारबाट हामी फर्केर आउँदाखेरी, उनी विहारतिर गइरहेको देख्छु । त्यसैले मलाई लाग्छ कि यसमा दोषी बुद्ध नै हो ।

तेस्रो उपासक– (उठेर) मेरो विचारमा पनि बुद्ध नै दोषि छ । कारण, मैले पनि चिंचा-लाई बरोबर राति विहार तर्फ जाने गरेको देख्दै आएको छु । एकपल्ट मैले उनीसँग सोधेको पनि थिएँ । उनले स्पष्टसँग त्यही दिन भनेकी थिइन कि उनी बुद्धसँग सुत्न जाने गर्छिन् ।

चौथो उपासक– (उठेर) उपासक उपासिकाहरू ! हामीले यो कुरो प्रत्यक्ष देख्दै आएका छौं कि चिंचाको पेट दिन पर दिन फुल्दै आएका छन् । हामीलाई पनि लाग्छ कि दोषि बुद्ध नै हो ।

(भीडमा कोलाहल मच्छ । धेरैले बुद्धलाई निन्दा गर्छ । कतिपय श्रद्धालुहरू रिसाएर उठेर जान्छन् । चिंचाको ओँठमा विजयी मुस्कान देखा पर्छ । बुद्ध शान्त छ । )

एक उपासिका– (चिच्याउँदै) हे हे यो के ! चिंचाको पेटत तल झरे जस्तो छ नि !

(सबै आँखा चिंचाको पेटमाथि पर्छन् । चिंचाको पेटको फुलेको भाग तलपट्टि सरिसक्यो । चिंचाले हत्त न पत्त दुबै हातलेपेटलाई झर्नबाट रोक्छे ।)

कोशल राजा– चिंचा ! पेटमा के लुकाइ राखेको देखाऊ !

(सुन्दरी चिंचा लाजले मुख रातो पारी टाउको निहुऱ्याउँछे ।)

कोशल राजा– (रिसाएर) भनेको सुनिनौ ? हात झिक ! के लुकाइराखेको पेटमा देखा ?

(चिंचाले हात झिक्दैन । सबैले उत्सुक भै उसैलाई हेर्छन् । अचानक हावा चल्छ । चिंचाको खास्तो उड्न लागेकोले चिंचाको दुबै हात खास्तो समाउन पुग्छन् । हात झिकेकोले पेटमा लुकाएर ल्याएको कठौति भूईंमा खस्छ ।)

# श्रीलंकाय् वैशाख पुन्ही

–श्रामणेर शीवली, श्रीलंका

## श्रीलंकाया संक्षिप्त परिचय

श्रीलंका छगू बौद्ध देश खः । कालान्तरे न्हापा छक पालि त्रिपिटक खने मदया वं बले त्रिपिटक सुरक्षा जुया च्वंगु थाय् थ्वहे श्रीलंका खः । मेगु महत्वपूर्णगु खँ ला त्रिपिटक सफूया रूपे पिहाँ वःगु नं न्हापां थनं हे खः । थेरवाद बुद्ध धर्म सुरक्षा याय्या लागी थ्व देशं थें गुलि गुहाली ब्यूगु दु । उलि मेगु देशं मजू ज्वी मा । थौं कन्हे नं श्रीलंकाय् थेरवाद बुद्ध धर्म सुरक्षा जुयाच्वंगु दु । पालि त्रिपिटक श्रीलंकाया सरकार छापे याना च्वंगु दु ।

श्रीलंका छगू चिकिचा धंगु द्वीप जूसां थनया बौद्ध इतिहास यक्व हे ताःहाक जू । सम्राट धर्माशोकया काय् भिक्षु महेन्द्र लंकाय् बिज्यासां निसें थन बुद्ध धर्मया शुरू जुल । वस्पोलया केहेँ संघमित्ता भिक्षुणी नं सिद्धार्थ गौतमं बोधिज्ञान लाना बिज्यागु बोधिवृक्ष (वंगल सिमाया) कचा कया लंकाय् हया बिज्यात । उबलसं निसें थौ तक नं बौद्ध जुजुपिनि पाखें व वर्तमान सरकारपाखें थन बुद्ध धर्म विकाश व प्रचार जुया हे च्वन तिनि ।

थन श्रीलंकाय् भगवान् बुद्धया छुं थः परे मजूसां ३००–४०० फीट थजागु चैत्यत, १००–१५० फीट जागु भगवान् बुद्धया समाधि मूर्ति खनी बले जुजुपिं व मनूतसें गुलि तक्क बुद्ध धर्म उन्नति व चिरस्थायि याय्या लागि उत्साह यात, श्रद्धा तल धैगु प्रकट जू । तर त्वादेवाया क्वय् मतं मख धैथें बुद्ध जन्म भूमि जीगु नेपाः देशय् बुद्ध धर्म विकास याय् सफुगु छगू दुःखया खँ खः ।

श्रीलंकाय् थौं कन्हे विहारत ८००० दो दु । भिक्षुपिं २०००० दो अनगारिकापिं थन उस्त मदु धाःसां ज्यू । लंकाया जनसंख्या १,५०,००००० मध्ये ७० प्रतिशत बौद्धत दु ।

## वैशाख पुन्ही

श्रीलंकाय बैशाख पुन्ही धैगु राष्ट्रीय पर्व खः । उकि देश भरी बिदा दु । विहार विहार पत्तिकं तैसे च्वंगु वस्तं पुना उपासक उपासिकापिं अष्टशील कया व्रत च्वनीगु बैशाख पुन्ही खुनु छन्हु जक मखु स्वन्हु यकं बिदा दु ।

बैशाखपुन्ही छन्हु न्ह्यःनिसें कन्हे खुनु तक बुद्ध जीवनी सम्बन्धी घटनात व जातक बाखँ आदिया बारे मूर्ति दय्का व चित्र च्वया रंगी चंगी मत दोलंदो च्याका ब्वया तै । त्वा त्वाले ध्वाखा

वया स्वया वया बांलाकेमाः धका बाजि बाजि बाँ बाँलाक दयया ब्वया तै । थुपिं स्वन्हु ला स्वर्ग थें च्वं । हान सीका तय् मागु व बाँलागु खँला थाय् थासे पाल ग्वया दान शाला दय्का विहार विहार व ध्वाखा आदि सोवःपिं सकसितं नके त्वंकेगु चलन आः तकं दनि । बैशाख पुन्ही खुनु श्रीलंकाय् द्यालापिं छम्ह हे दै मखु । चच्छि शहर छगुलि गुलि फ फः धाइगु ख ध्व खँ आखलं न्वंवाकेमफु ।

बैशाख पुन्ही खुनु सुथंनिसें तुयुगु वस्तं पुना उपासक उपासिकापिं शीले च्वना विहारेसं च्वना न्हिच्छि बाखं न्यनेगु, भावना याय्गु, धर्म छलफल याय्गु, परित्राण पाठ याय्गु, बुद्ध वन्दना याना च्वनी । बहनि ६ बजे निसें सुथे तक्कं रेडिओ लं महापरित्राण देशना प्रचार ज्वी । थाय् थासे बुद्ध जीवनी घटना सम्बन्धी नाटक आदि प्याखँ नं क्यना च्वनी । थुकथं भिंगु कार्यक्रम दय्का बुद्ध जयन्ती माने याइ । कीथाय् नं थथे ज्वीगु स्वय् दय्मा ; धर्मया उन्नति ज्वीमा धका कामना याना । सकसितं जय ज्वीमा ।

—★—

(२२ पेजको बाकी)

उपासिका— हेर, हेर चिंचाको कुकृति ! कठौति राखी पेट फुलाएर बुद्धको पेट बोकेकी रे ! कस्तो पापी ! कस्तो नक्क-चरी !!

उपासक— बुद्धलाई कूठो लांछना लगाउन आउँछे । समात् ! समात् !! उम्कन न दे !!! (चिंचा भाग्छे । सबैले उनलाई लखेट्छन् । बुद्ध आफ्नै आशनमा शान्त निर्भय र निश्चल भएर बसि राख्छन् ।)

(दृष्य समाप्त ।)


## सिद्धार्थ कुमारया जन्म, बुद्धत्व प्राप्ति

## व

## परिनिर्वाण जुया बिज्यागु

# २५२६ दँ क्यंगु स्वाँया पुन्हीया उपलक्षे

## सकल नेपामीपिन्त भिंतुना

फोन : १३६०४

**शाक्य प्रेस परिवार**
ओम् बहाल, काठमाडौं ।

# धम्म

–भिक्षु बुद्धदास, थाइलैण्ड

धम्मको बारेमा राम्रो जानकारी राख्नलाई धम्मलाई के सित तुलना गर्न सकिन्छ ? भनि प्रश्न गर्न सकिन्छ ।

"धम्मलाई काठको डुङ्गासंग तुलना गर्न सकिन्छ" भनी भगवान् बुद्धले भन्नु भएको छ । त्यस जमानामा नदीहरू पारगर्नलाई डुङ्गाहरूको प्रयोग गरिने हुँदा भगवान् बुद्धले सजिलैसित सबैले बुझून् भनेर धम्मको शिक्षालाई वहाँले "डुङ्गा" सित तुलना गर्नु भयो । यसको बडो महत्वपूर्ण अर्थ छ । मानिसले आफूलाई नै बिर्सेर धम्ममा यति आसक्त हुन्छन्, कि उनिमा 'म गुरू हुँ' म विद्वान हूँ भन्ने गर्व अनुभव हुन थाल्दछ । यस्तो भावना आउन दिन हुँदैन । कसले धम्मलाई 'डुङ्गा' मात्रै हो भन्ने कुरा बिर्सन्छ भने यस्तो भावना उठने खतरा रहन्छ । धम्म त नदीको अर्को किनारमा पुऱ्याइ दिने डुङ्गा जस्तै साधन हो । पारी जमीनमा पुगेपछि डुङ्गालाई काँधमा बोकी हिंडिरहने मूर्खतागर्नु हुँदैन । हामीले आफैं-लाई चट्ट बिर्सेर मोह र आशक्तिवश टाँस्सिनु हुँदैन भन्ने चिनाउने र त्यसलाई व्यवहारमा ल्याउन लगाउने काम मात्रै धम्म हो । हामीले यस डुङ्गाको सही कार्यलाई चिनेनौं भने यो अर्कालाई देखाउने शोभा मात्रै हुन्छ अथवा लडाई झगडाको बिउ मात्रै हुन्छ । कहिले काही यसलाई वाहियात र बेकारको दौड ठानिन्छ । यसलाई नदी पारगर्न बनाइएको हुँदा-नदी पारगर्ने साधनको रूपमा उपयोग गरिनु पर्दछ । धम्मको ज्ञान दुःखको नदी पारगर्न प्रयोग गरिनु पर्दछ । जिभ्रो चलाएर विवादको विषय बनाएर उत्सव महोत्सवको विषय बनाएर वा लाग्ने हतियार प्रयोग गरेर यसको उद्देश्य कै हत्याहुने किसिमबाट धम्मलाई कायम-गरी राख्नु हुँदैन । यस प्रकारले मोह र आशक्ति-वश यस सित न टाँस्सिऊ र पारी स्थल भागमा पुगिसकेपछि यसलाई आफ्नो यात्रामा बोकी हिंडने काम नगर त्यही छाडि देऊ किनकि धम्म त डुङ्गा हो ।

---

**भरसक आफु भन्दा गुणी मानिससँग बस्नु जातिछ, मुर्खको संगत गर्नु भन्दा सदृढ मन राखि एकलै हिडनु जाति छ । –धम्मपद**

---

# बौद्ध सुख: ?

—रूपा शाक्य, ॐ बाहा, ये



बुद्ध हँ जि छुं मस्यू । जि वैत न गुबलें माले नं, न ध्वदुक हे खंके लं । जि खनाम्ह बुद्ध ला बिहारय् ल्वहँयाम्ह का । जि लुमंकाम्ह बुद्ध ला क्यालेण्डरय् सँ कुलिकुलिचिम्ह छापायाम्ह का । अँ बुद्ध निर्वाण ज्वी धुंकल हँ जि गनं खंके फै अले । जि स्वयम्भ्वी वनाबलय् न्हक्वी ल्हा:दिका: गोतुलाच्वंम्ह चायाम्ह छम्ह खना, वहे लाखय् निर्वाण जूम्ह बुद्ध हँ । बुद्धं लाखय् गुल्पा: ज्वना: भिक्षाफ्वना: जक भोजन याइगु हँ, जि न्यनातैगु । निर्वाण ज्वी धुंका: नं जाकि व ध्यबां चा:व्हीका: चायागु रूपकया: भिक्षाफ्वना च्वंगु खना: अन वैच्वंम्ह छम्ह मचायात जि धया, "खंला वहेका बुद्ध, भगवान् । गुलि शान्त खला: ? छी नं अथे हे ज्वीमा:का: । छिपि मस्त ल्वाना: ख्याना: जुयां ज्यूला ?" मचां जित: छक: पुलुक्क स्वल । काचाक्क न्याग:वंगु ध्याग छग: घुसुक्क सालाकथं दुरंर ब्वांय्वन । छम्ह मनू तुफि ज्वना: दुहाँवैकथं स्वाँयस्वांय्मिक बँपुल । घूनापंतुं जाकि नं घेबा नं मुन । जि स्वया: च्वना । व लाखय् द्य:पा:ला: हँ । भगवान् बुद्धयात छाय् हक्व वैगु छेँय् यंकेगु हँ । भगवान्या त्व: धुलाच्वंगु तुति छक: स्वाना व भुनुभुनुहाल, "स्वीतं वास्ता दुगु मखु । न्हिन्हि पिवा च्वनेमा: थुलि तुति त्व: धूगु छक: हे सुनां स्वाना ब्यूव:गु मखु । न लंपुलि छक: हे छा: व: । क्वासँ नु, खापा ग्वय्तेल ।" वया ला:बलय् जक दर्शन याय्दम्ह । भगवान्यात त्व:ता: जि लुखां पिहाँ वया । व नं पिहाँवल । खापा ग्वया: तालं जक ग्वल, छम्ह मनू अन थ्यंक: वल ।

"खापा खँ, दुहाँ वनेमाल ।" अन व:म्हं धाल ।

"थौंयात बन्द जुल ।" क्यातु पहलं वं धाल ।

"गय् बन्द धैगु ? जिमि चा:हिले म्वा:ला, भगवान् याथाय् ।

"छिमि य:य:गु इलय् जि पिया च्वने फैला ?"

"छंगु इलय् खापातो दैलाले ?" ह्वासा ह्वासां थ्वँ बास व:म्ह स्वयम्भू गले भ्वय्नया: थ्वँया सुरे चाह्य् व:म्ह मनुखं अधिकार न्ह्यथना धाल । द्य: पा:ला: घूप्व: ज्वना नमवासे सुरूसुरू वन । जि नं अनं सरासर वया । अजिमाद्य: नापं द्य: चाहिला

स्वयम्भूया पालाया त्वाथलं क्वहाँ वैच्वनाबले थाहाँ वैच्वंपिमध्ये छम्हसिनं धाल–

"तारेमाम्, थौंला याकनं हे क्वाहाँ व्याय् त्यन नि ।"

"तारेमाम्, अँ थौ मुद्दा छगू दु, १० बजय् हे अड्डाय् थ्यंक: वनेमानि ।"

निम्हं बौद्ध । बुद्धया अनुयायी । बाहाबहि व स्वयम्भ्वी छम्ह जक मखु बुद्धपि ग्वा:ग्वा: दु । मनूत अन थेलथेल्ला । बुद्धया थासं लिहाँवना: बेपारे वनेमा:पि, मुद्दाय् ज्वीमा:पि, सुलिमे दुस्वय् मा:पि न्या ला:थाय् द्यां क्वय् प्यूवनेमा:पि बौद्धतय् साप लिमला: ।

"बुद्धं शरणं गच्छामि, छेँखा पतिकं बोक्सि व धामि ।" छम्ह मचा उन्या: थुन्या: मसीक स्वां स्वा मिक पाखां थाहाँ व वं ताल न बालं हाला वैच्वन । छथ्व: सामाजसेवकत खँल्हाल्हा बातनं थाहां वैच्वन ।

"सरकारं वास्ता मया:सां क्वीसं वास्ता याय्मा: । थ्व स्यनाच्वंगु सुना दय्की ? क्वी चित्तय् ह्या:पिसं थुलि मया:सा नेपालय् धर्म लोप जुया: इतिहास व संस्कृति हे न्हनावनी ।"

"ख: नि क्वीसं उलि चन्दा म्हय् मफुगु जूसा दूना: भासय् जुया: गय् गय् ज्वीघुंकल ज्वी । उंखे बिहारय् भिक्षु छम्ह सिकिस्त आ:ला हन्चाला: । अन च्वंच्वनां छुयाय् सीमा:म्ह च्वनी मखुथें । बिचा: संचा: या:वःपि नं गा:गु मखु । स:स्यूम्ह ला ख: बुद्धया उपदेश बांलाक थुम्ह । अय्नं छु धया: धर्म-देशना न्यनेवं जक छेँय् सुया हापु चूलाइ मखु । थ्व स्वयम्भू चैत्य छगू बांलाक जीर्णोद्धार मज्वी धका जि साप धन्दा । उकिं थौं क्वी मिटिंग दु धका: क्वाय् वैगु ।"

इमिगु खँ न्यना: जि हाकनं थाहाँ वना: स्वयम्भूया चैत्य तछ्याना: बुद्ध गन सुला च्वन धका: स्वय् मास्तिवल । तर भिक्षु छम्ह सिकिस्त धा:गुलि उखेपाखे जिगु तुति न्ह्यात । जि अन थ्यन । भिक्षु मदय् धुंकल । छम्हसिनं भिक्षुं च्वेत:गु सफू प्वीकाच्वन । उकी जि खन, "बुद्ध जिथाय् मखु थ: थ:गु नुगलय् दु । बौद्ध व ख: गुम्हसिनं बुद्धया उपदेश जक न्यनीमखु उपदेश न्यना:लि व्यवहारय् नं छ्यली ।" जि अन च्वना मच्वना । अनं लिहाँ वैम्हसिया लँ दुच्छि थ्वहे जक मने लुमना च्वन, "बुद्ध जिथाय् मखु, थ: थ:गु नुगलय् दु ।" उखुन्हु जि गुगुइलय् छेँ थ्यन जि हे मचा: ।

---

## गौतम बुद्धया महापरिनिर्वाण जूगु
## २५२६ दँ क्यंगु बुद्ध–जयन्तीया लसताय्

### सकल नेपामीतेत भिंतुना

**धर्मकीर्ति परिवार**

---

## २५२६ गूगु स्वांया–पुन्हीया उपलक्षे
## भिंतुना

नेपाःया प्राचीन कलां जाःगु, उपहार बीत लःगु
सिंयागु कलापूर्ण झ्याः, लुखा आदि वस्तुया लागी
जिम्ति लुमंका दिसँ

छिगु अर्डर मुताबिक धंधंथे च्वंक बुत्ता किया छितः मामाःगु सिंयागु न्ह्यागुं वस्तुत
स्यल्लाक, बाँलाक, दंक व भिंक दय्का बीगु थाय्

# ऊड कार्भिङ्ग इण्डष्ट्रिज (प्रा.) लि.


फोन नं. (कारखाना : २१–४४७
( छें :२१–१६६

पाटन औद्योगिक क्षेत्र
लगनखेल, ललितपुर

---

**OPTIC NERVE**

*Optometrist & Specialist in Corrective Glasses & Sun Glasses*
**New Road (opposite Bhugol park)**
**Kathmandu, Nepal.**



**मिखाया रक्षा हे जीवनया रक्षा खः**

छकि थःगु मिखाया रक्षाया निंतिं भिंगु व
बांलाःगु छितः माःकथंया चस्माया
निंतिं जिमिथाय् दुस्वःझासं ।

२५२६ गौं बुद्ध जयन्तीया भिंतुना

**अप्टिक नर्भ**
न्हू सडक (भूगोल पार्कया न्ह्योने), येँ ।

# बौद्ध गतिविधि

## धरानमा बुद्धपूजा

काठमाडौं धर्मकीर्ति विहारको अञ्चल अञ्चलमा गई बुद्धपूजा, धर्मदेशना गर्ने कार्यक्रम अनुसार बागमती नारायणी, लुम्बिनी, गण्डकी अञ्चलपछि गत फागुन २९ गते कोशी अञ्चल धरानस्थित बुद्ध धर्म आश्रममा भव्यरूपमा बुद्धपूजा र धर्मदेशना सहित पुण्य कार्य सम्पन्न भयो ।

उक्त दिन विहानै धरान बौद्ध उपासिका संघको तरफबाट भिक्षु अश्वघोष र अनगारिका धम्मवती तथा चमेली प्रमुख अन्य १०८ जनाको धर्मकीर्ति परिवारको अत्यन्त गौरव सम्मानपूर्वक विशेष तोरण र मञ्च सजाइ फूल गुच्छाले स्वागत गर्नुभएको थियो ।

१०८ जनाको धर्मकीर्ति परिवारलाई धरान बजारस्थित ताम्राकारको नयाँ घरमा बस्नलाई जुन प्रकारले प्रबन्ध मिलाएको थियो त्यो चिरस्मरणीय र प्रशंसनीय छ ।

बुद्धपूजाको अवसरमा भिक्षु अश्वघोषले आमिस पूजा (बाहिरी पूजा) र प्रतिपत्ति पूजा (व्यवहारद्वारा सुधार गरिने पूजा) बारे व्याख्या गर्नुभयो । आ-आफ्नो कुव्यबहार नसुधारि गरेको बाहिरी पूजा देखावटी मात्र हुन जान्छ । बुद्धको गुण स्मरण गरी उहाँको केही गुण हामीमा पनि होस् भन्ने अभिप्रायले नै बुद्धपूजा हुन्छ न कि वरदान पाउनको लागि ।

अनगारिका धम्मवतीले भन्नुभयो– 'बुद्धपूजा र धर्मदेशना कार्यक्रम लिएर अञ्चल अञ्चलमा भ्रमण गर्ने आयोजनाको मतलब सुतिरहेका मानिसहरूलाई जागृत अवस्थामा ल्याउनु हो । सुतिरहेका मानिसहरू भुइचालो जस्तो दैवीप्रकोपमा मर्न सक्छन् । जागृत अवस्थामा परेको बाँच्न सक्छन् । धरानवासी बौद्धहरू पनि जागृत अवस्थामा पुगेकोमा सन्तोष व्यक्त गर्नुभयो । पहिले पनि यस ठाउँमा बुद्धपूजाको कार्यक्रम भएको थियो, तर त्यतिबेला बौद्ध चहल पहल र गतिविधि देखिएको थिएन । यो बुद्धधर्म आश्रम पनि विकास प्रगतितिर लम्कीरहेको देखिन्छ । उपासिका संघ र बौद्ध संस्कार संघ सक्रिय भइरहेको देखिन्छ । यो सबै भिक्षु मैत्री (धरान निवासी) को निर्देशानुसार नै प्रगति भैरहेको कुरा चर्चा गर्नुभयो ।

शुरुमा भिक्षु मैत्रीले धरान बौद्ध उपासिका संघ र बौद्ध संस्कार संघको परिचय र गतिविधिको परिचय दिनुभयो । धरान बुद्धधर्म आश्रम बनाउनको लागि नानिबाबु हलवाइले जग्गा दान दिनु भएको उल्लेख गर्नुभयो र अतिथिहरू बस्नको लागि १० वटा कोठा बनाउन लागेको जानकारी दिनुभयो । २०८ जनालाई ३ छाक जलपान भोजन उपासिका संघको तर्फबाट भएको थियो ।

### बौद्ध गोष्ठी

२६ फागुन ०३८ दिउँसो धरान उपासिका संघका अध्यक्ष श्रीमती विष्णुदेवी श्रेष्ठको सभापतित्वमा एउटा बौद्ध गोष्ठी भएको थियो ।

उक्त समारोहमा धरानमा गठित बौद्ध संस्कार संघका अध्यक्ष मेजर खड्गबहादुर लामा भिक्षु अश्वघोष, भिक्षु मैत्री, अनगारिका धम्मवती श्री प्रकाश बज्राचार्य श्री धर्मरत्न शाक्यहरूले बुद्धधर्म र शान्तिको बारेमा आ-आफ्नो विचार प्रकट गर्नुभयो । अन्तमा श्रीमती विष्णुदेवीले यस प्रकारको बौद्ध प्रवचन गोष्ठी समय समयमा हुनुपर्छ र काठमाडौंबाट बुद्धधर्म प्रचारको कार्यक्रम लिएर अञ्चल अञ्चलमा भ्रमण गर्नु पर्ने कुरा व्यक्त गर्नुभयो ।

### स्वयम्भू चैत्य विहार

धरान बजारस्थित स्वयम्भू चैत्य विहारमा पनि बुद्धपूजा र धर्मदेशना कार्यक्रम सम्पन्न भएको थियो ।

### कालिम्पोङ्ग बौद्ध कार्यक्रम

धर्मकीर्ति विहारया अञ्चल अञ्चले वना बुद्ध-पूजा व धर्म प्रचार यायगु ख:सा कथं कोशी अञ्चल सुनसरी जिल्ला धराने बुद्धपूजा व धर्म देशना कार्यक्रमं लिपा अनं दार्जिलिङ्ग च्वंगु आनन्द भिक्षु लेने च्वंगु गन्ध महाविहारे नं बुद्धपूजा व दान आदि याना कालिम्पोङ्ग विहारे नं थ्यन । अन धर्मोदय सभाया पाखें आशा मयानागु कथं च्वनेगु थाय् व ल: या प्रबन्धयाना भव्य कथं स्वागत सम्मान नं जुल ।

२०३८ चैत २ गते बुद्ध पूजाया लिपा भिक्षु अश्वघोषं पुण्य धैगु छाय् यायमागु धैगु घटनात्मक कथा हया व्याख्या याना बिज्यात ।

अनं लिपा धम्मवती अनगारिकां धै बिज्यात नेपालंपिनं नेवा तयगु बौद्ध विहार धायगु कालिम्पोङ्गया धर्मोदय विहार छगू हे जक दु । थ्व ख्वीगु गौरबया खँ ख: । उकिं थ्व धर्मोदय विहार छगू सुरक्षा याना तयगु ख्वी नेवा जातिया कर्तव्य ख: ।

वस्पोलं हानं धैबिज्यात मनू जुया जन्म कयाथें पुण्य धैगु याना तयमा । ल्यू ल्यू वैगु मेगु छुं वस्तु व सुं मदु । पुण्यया फल हो पाको । नय् माथें दान नं बोमा: । ध्यान धैगु पिनें स्वेगु मखु थ:गु मने स्वेगु ख: । गलित जुन धका मेपिसं धाइबले ख:का धका थ: थ:म्हं धाय् फैगु गलित महसूस ज्वोगु यात ध्यान धाइ ।

कालिम्पोङ्ग धर्मोदय सभाया सचिव श्री पुण्य बहादुर शाक्यं धै बिज्यात थुकथं नेपालंनिसें थन थ्यंक वया बुद्धपूजा व धर्म प्रचारया कार्यक्रम जूगु थ्व न्हापां यागु पटक ख: । थथे कार्यक्रम जूगु जिमिगु लागि गौरब जक मखु उत्साह वर्धक जू ।

वस्पोलं धैविज्यात नेवाते थ:गु धर्म व संस्कृति थामे याय् माला थ:गु हे केन्द्र छगू मा: धैगु निर्णय कथं थ्व धर्मोदय विहार बने जूगु खँ नं धैबिज्यात । धर्मोदय विहार विकासया गुरू योजना न्ह्योने तया मेगु नं अतिथि भवन निर्माण यायगु खँ न्ह्यथना थुकीयात नेपालं सहयोग प्राप्त ज्वी धैगु आशा प्रकट याना बिज्यात । कालिम्पोङ्ग सभायापाखें अति हे भारि नक्सां जलपान संग्रह जुल ।

स्थानीय धर्मोदय विहार वासी श्रामणेर महावीरया सारगर्भित धर्म देशनां लिपा धर्मकीर्ति विहारपाखें श्री प्रकाश वज्राचार्य धन्यवाद ज्ञापन

याना बिज्यात । चन्दा नं उठे याना प्रदान याना थकुगु दु ।

## थाइ भिक्षुपिनि स्वागत

बैंकक्या राजकीय पकनाम विहारया प्रमुख भिक्षु धर्म धीर राज महामुनी महास्थविर व चोन-पुरी स्थित चित्त भवनया प्रमुख भिक्षु कित्तिवुद्धो महास्थविरपिन्त बुद्ध सम्वत २५२५ कार्तिक (२०३८) या न्हापांगु हप्ताय् धर्मकीर्ति विहारे क्र कः धायक स्वागत सम्मान जुल । उपहार प्रदान धम्मवती अनगारिकां याना बिज्यात ।

## बर्मी भिक्षुपिनि स्वागत

हाले हे बर्माय शासन शुद्धि भिक्षु संघया उपनेता अग्ग पण्डित भिक्षु आनन्द स्थविर व बर्माया महान समाज सेवक धर्म कथिक भिक्षु ज्ञानेश्वर महास्थविरपिनि नं भव्यकथं स्वागत समारोह जुल । वस्पोलपिं न्हेनुतक धर्मकीर्ति विहारे हे च्वना बिज्यात ।

## धुतंगधारी तम्पुलु सयादोया स्वागत

पुरा ४५ वर्षतक चान्हे नं न्हिने न खाताय् तुति ठवलंका व जनफादिका मद्यं से आराम मेचे हे जक च्वना भावनाय् लगे जुया बिज्याम्ह धुतंगधारी बर्माया पूज्य तम्पुलु सयादो व वस्पोलनाप बिज्यापि मेपि न्याम्ह भिक्षुपिनि गत १८ माघ २०३८ खुनु धर्मकीर्ति विहारे भारि नक्सां स्वागत समारोह जुल । धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीया अध्यक्ष धम्मवती अनगारिका प्रमुख अनया उपासक उपा-सिकापिंसं वस्पोलपिं फुकसितं ढलोटया बुद्ध मूर्ति उपहार प्रदानयागु जुल ।

## प्रदर्शनी

बुद्ध वर्ष २५२६ दँ क्यंगु व धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीया झिछदँ क्यंगु उपलक्षे बैशाख २४, २५ गते बुद्ध जीवनी सम्बन्धी घटनात कया प्रतिमा दय्का व ल्पास्टिक स्वाँ ब्वया प्रदर्शनी ज्वीगु दु ।

## संघारामे बुद्धपूजा

धर्मकीर्ति विहारया पिने पिने वना धर्मप्रचारया आयोजना कथं २०३८ चैत्र २८ गते संघारामे बुद्ध पूजा जुल । न्हापां भिक्षु अश्वघोषं संघारामया परिचय बिया धै बिज्यात । पूज्य अमृतानन्द भन्तेया इच्छा पूरा याय्गु मनसायं थन भिक्षु तालिमकेन्द खोले जूगु खँ न्ह्यथना बिज्यात । बिक्षु चुन्द महा-स्थविर धर्मदेशना याना धैबिज्यात– बुद्ध शासन चिरस्जायी याय्त भिक्षुपि तालिम मज्वीकं मज्यू । नय् त्वनेगु प्रवन्ध मजुल धाःसा तालिम केन्द्र टिके ज्वी मखु । धम्मवती अनगारिकां धै बिज्यात । मखुगु कर्म बचे ज्वोगु उपदेश बीगु जक विहारया ज्या खः । धर्म याय्गु कर्म बःलाकेत खः । रत्न-माया उपासिकां सकसितं जलपान याका बिज्यात ।

## धर्मकीर्तिया बौद्ध अभियान

धर्मकीर्ति विहारया गतिविधि मध्ये छगू स्यल्लागु धर्मप्रचारया अभियान खः– अंचल अंचले थेरवाद भिक्षुपि दुथाय् बुद्धपूजा व धर्म-देशना तथा प्रवचन कार्यक्रम जूगु । खजा अनाथा-लये च्वपिं असरण मस्तय्त वसः ब्यूगु, नकूगु, अस्पताल अस्पताले फलफुल बिस्कुट इना बीगु । [स्वाँयापुन्हि खुनु] बनेपाय् छगू निगू स्कूलयात लःया ट्यांकी दय्का ब्यूगु, अग्नि पीडिततय् लागि

वस्त्र आदि सहयोग ब्यूगु, थुपिं रचनात्मक धर्म-प्रचारया गतिविधि खः । एसां नं बुद्ध धर्म छु, बुद्ध सु धैगु मस्यूथाय्, बुद्ध धर्मप्रचार मजूथाय् वना बुद्ध धर्म प्रचार याय्‌गु नंमदय्‌क मगागु थें च्वं । उकिं धर्मकीर्ति विहारं २०३५ कार्तिक महीनां निसें २०३८ चैत्र २८ गते तक लय् लय् पतिकं यानावोगु हिसाबं स्वीच्याक बुद्ध पूजा जुल ।

### न्ह्यस लिसः कासा

२५२६ गू बुद्धजयन्ती समारोह समितियात गुहाली बीगु कथं धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीया पाखें बुद्ध धर्मया बारे अन्तरहाइ स्कूलं न्ह्यस लिस कासा संचालन यागु दु । झिखुगु माध्यमिक स्कूलं न्ह्यस लिस प्रतियोगिताय् भाग कागु दु ।

### बर्मां अनगारिकापिं लि थ्यन

धर्मकीर्ति विहारपाखें बुद्ध धर्म अध्ययन याय्‌त बर्मा बिज्यापिं अनगारिकापिं– अनोजा, अनुपमा, रूपावती, यशवतीपिं प्यम्ह आःयात बर्मासरकारं विदेशीतय्‌त वीसा (VISA) ठपेयाना मबीगु निर्णय जूगुलि नेपा लिथ्यंगु दु । बर्माय् च्वंपिं सकल विदेशी विद्यार्थीत व ध्यान याना च्वंपिं नं थःथःगु देशे लिहाँ वंगु समाचार दु ।

卐●卐

## सूचना

**लय् लय् बुद्धपूजा शुरू जुसां निसें शनिबार पत्ति धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीया क्लास मजुया च्वंगु आः हाकनं जेष्ठ १ गते शनिबार खुनु निसें शुरू ज्वीगु दु ।**

*Good Wishes to all the Nepalese and*
*also to all the Tourist*

**On the Happy Occasion of**

# 2526

**Mahaparinirvan Anniversary**
**of**
**LORD BUDDHA**

**BHIM RATNA HARSHA RATNA**
680, JYATHA TOLE
P. O. BOX 603
KATHMANDU
Phone : 11-932, 14-231

HOTEL CRYSTAL, Kathmandu
NEW HOTEL CRYSTAL, Pokhara
HOTEL SIDDHARTHA, Kathmandu
CRYSTAL WOOLEN INDUSTRIES, Balaju

शाक्यमुनि गौतम बुद्धको जन्म, बुद्धत्व प्राप्ति तथा

वहाँको २५२६ सौं महापरिनिर्वाण दिवस

## बैशाख पूर्णिमाको

## हार्दिक शुभ–कामना

# बालाजु अटोवर्क्स (प्रा.) लि.

रजिष्टर्ड अफिस :
२८ जुध्द सडक
काठमाडौं
फोन : ११४५३

वर्कसप :
बालाजु औद्योगिक क्षेत्र
बालाजु, काठमाडौं
फोन : १३५८४

शाक्य प्रेस, ओमबहाल टोल, काठमाडौं । फोन– १३६०४